# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक २४३ | बिहिबार, ८ कात्तिक २०८१ | SOURYA NATIONAL DAILY | Thursday, 24 October 2024 | पृष्ठ : ८ | मूल्य रू. ५


सत्तापक्षलाई रवि र प्रतिपक्षलाई अध्यादेशको टाउको दुखाइ

# सत्तापक्ष बालुवाटारमा, प्रतिपक्ष शीतल निवास !





■ सौर्य समाचार

काठमाडौं । बुधबार सत्तापक्ष र प्रतिपक्षी राजनीतिक दलहरू निकै दौडधुपमा देखिन्थे । बिहान करिब साढे ९ बजे सत्तापक्षको गन्थनबाट सुरु भएको राजनीतिक भेला साँझ साढे ५ बजे विपक्षीहरूको गुनासोसँगै टुंगियो । एकैदिन यी २ पक्षको छुट्टाछुट्टै भेलाले नेपालको राजनीतिक अस्थिरता र सत्ताका लागि हुने बलजफ्तीलाई इंगित गरिरहेको देखिन्थ्यो । सत्तापक्षले राष्ट्रिय हितका मुद्दामा समान धारणाका साथ एक ढिक्का भएर अघि बढ्ने भनिरहँदा विपक्षीहरू भने लोकतन्त्र र संविधान नै संकटमा पर्न लागेको भन्दै चिन्तित देखिन्थे ।

बुधबार बिहान करिब साढे ९ बजे प्रधानमन्त्री निवास, बालुवाटारमा सरकारलाई समर्थन गरिरहेका राजनीतिक दलहरूको बैठक बस्यो । विशेष गरी सरकारको सय दिनको प्रगतिका बारेमा बैठक राखिएको थियो । यसअघिको चलनअनुसार मन्त्रिपरिषद्को बैठकमार्फत् पारित गरेर सरकारको प्रगति विवरण सार्वजनिक हुने गरे पनि यस पटक सरकारमा प्रतिनिधित्व गर्ने र सरकारलाई समर्थन गर्ने दलका शीर्ष नेताहरूलाई भेला गराएर सरकारले आफ्नो प्रगति विवरणमा लालमोहर लगाएको थियो ।

राष्ट्रिय हित एवं मुद्दामा समान धारणामा एकढिक्का भएर अघि बढ्ने निष्कर्ष निकाल्दै सकिएको बैठकमा समसामयिक विषयसँगै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका पूर्वगृहमन्त्री रवि लामिछानेको विषयमा बढी केन्द्रित देखिन्थ्यो । 'लोकतान्त्रिक पद्धति, विधिको शासन र जनतामा सेवा प्रवाहका विषयमा सरकार स्पष्ट भई दृढताका साथ काम गरिरहेको छ' भन्दै सत्तापक्षलाई 'ब्रिफिङ' गराइएको उक्त बैठकमा घुमिफिरी लामिछाने पक्राउ र त्यसपछिको अवस्थाबारेका विषय उठान भइरहे ।

> एकातर्फ 'राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने' भन्दै बैठकमा सबैसामु सरकारका तर्फबाट प्रधानमन्त्रीले प्रतिबद्धता जनाउने र अर्कातर्फ आफ्नो आलोचना नै सहन नसक्ने सरकारको द्वैध चरित्रले सरकारको बलजफ्ती नियन्त्रण र सत्ता टिकाउन खेलेको खेललाई प्रष्टसँग चित्रण गरिरहेको छ

बैठकमा गृहमन्त्री रमेश लेखकले फौजदारी घटनामा न्यायिक छानबिन भइरहेका बेला अदालत र सरकारलाई दबाब दिने गरी भइरहेका विरोध प्रदर्शन उचित नभएको तर्क प्रस्तुत गरे । त्यस्तै, सत्तामा रहेका सबै दलले आफ्ना तर्फबाट वक्तव्य जारी गर्दै न्यायिक छानबिन र लोकतान्त्रिक पद्धतिलाई निष्पक्ष रूपमा अघि बढाउन आग्रह गर्ने विषयमा सहमत भएका थिए ।

लामिछानेको पक्राउपछि अहिले पोखरामा मुख्य केन्द्रित हुँदै देशका विभिन्न ठाउँमा सरकारविरुद्ध विरोध प्रदर्शन भइरहेका छन् । यसै सन्दर्भमा बुधबार नै चितवनमा सरकारविरुद्ध भएको प्रदर्शनलाई प्रशासनले रोक्न नसकेको भन्दै सुरक्षा निकायका प्रमुख एसपी भावेश रिमाल र सिडिओ इन्द्रदेव यादवको जिम्मेवारी खोसियो । एकातर्फ 'राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने' भन्दै बैठकमा सबैसामु सरकारका तर्फबाट प्रधानमन्त्रीले प्रतिबद्धता जनाउने र अर्कातर्फ आफ्नो आलोचना नै सहन नसक्ने सरकारको द्वैध चरित्रले सरकारको बलजफ्ती नियन्त्रण र सत्ता टिकाउन खेलेको खेललाई प्रष्टसँग चित्रण गरिरहेको छ ।

सत्तापक्षको बालुवाटार भेलामै प्रधानमन्त्री केपी शर्मा आलीले सत्ता समीकरणमा रहेका दलहरू एकढिक्का भएर प्रस्तुत हुनुपर्नेमा जोड दिँदै लोकतान्त्रिक पद्धति, मूल्य र मान्यताप्रति आफूहरू प्रतिबद्ध रहेको तथा राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने बताएका थिए । तर, प्रधानमन्त्रीको उक्त भनाइ सबैको कानमा पर्दानपर्दै एसपी र सिडिओको हातमा सरुवाको पत्र पुगिसकेको थियो ।

बाँकी पृष्ठ २

■ सरकारका सय दिन

# ७० प्रतिशत काम गरेको प्रधानमन्त्रीको दाबी

सडक पिच गरेको, सुरुङको ब्रेक थ्रू गरेको, बैंकको शाखा खोलेको, निजी क्षेत्रले बिजुली उत्पादन गरेको, उद्योग खोल्न जग्गा बाँडेको, संविधान दिवसमा कन्सर्ट आयोजना गरेको, कीर्तिपुर मैदानमा फ्लड लाइट जोड्ने निर्णय गरेको जस्ता कामलाई पनि ओलीले सरकारको महत्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरेर ७० प्रतिशत पुऱ्याए पनि राष्ट्रपतिले उद्घाटन गरेको नेपालकै भूमि सुस्तालाई देशसँग जोड्ने पुल भने सरकारको उपलब्धिमा परेन



■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले आफू नेतृत्वको सरकारले सय दिनमा गर्ने भनिएकामध्ये ७० प्रतिशत काम सम्पन्न गरेको दाबी गरेका छन् । सरकारको सय दिन पुगेको अवसरमा बुधबार प्रधानमन्त्री ओलीले प्रगति विवरण सार्वजनिक गरेका हुन् ।

सिंहदरबारमा आयोजित समारोहमा उनले सरकारका उपलब्धि भनेर सुनाएका थिए । 'पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको संख्या २७४ वटा पुगेको र तीमध्ये १८५ वटा काम सम्पन्न भएका छन्,' प्रधानमन्त्री ओलीले भने, 'अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ ।'

उनले ७० प्रतिशत काम सम्पन्न गरेको दाबी गरे पनि प्रशंसा गर्न लायक र जनतालाई सहुलियत दिने काम भने एउटा पनि देखाउन सकेनन् । सोचेका सबै काम गर्न नसक्नुमा प्रकृतिलाई दोष दिँदै पन्छिएका ओलीले यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि पूरा गर्न सक्ने बताए ।

यसअघि मन्त्रालयले सार्वजनिक गरेका प्रगतिलाई पनि प्रधानमन्त्री ओलीले सरकारले गरेका कामको सूचीमा समावेश गर्न सकेनन् । ११ र १२ असोजमा देशभर आएको बाढी र पहिरोले विस्थापित भएका नागरिक अहिले पनि बगर र सडकै बास बस्न बाध्य छन् । समयमै उद्धार नपाएर कतिले ज्यान गुमाए । तर, प्रधानमन्त्री ओलीले भने मनसुनजन्य विपद्बाट भएका क्षतिजस्ता चुनौतीपूर्ण परिस्थितिलाई सरकारले कुशलतापूर्वक सम्हालेको दाबी गरेका छन् ।

जबकि, देश बाढी, पहिरो र डुबानले आक्रान्त भएका बेला प्रधानमन्त्री ओली भने अमेरिका सयरमा मस्त थिए । निर्धारित कार्यक्रम सकेर अन्य देशका राष्ट्र प्रमुख र सरकार प्रमुखहरू देश फर्किसक्दा पनि ओली भने कसैको व्यक्तिगत घरमा अनावश्यक महावाणिज्य दूतावास उद्घाटन र आफ्ना भक्तहरूको जयजयकारमा मख्ख भएर रमाइरहेका थिए । जब देशका सयौं नागरिक बगेर, डुबेर र पहिरोले पुरिएर मरिसकेका थिए, तब विमानस्थलमा ओर्लिएर केही नभएजसरी मुस्कानका साथ फोटोसुट गराउँदै फर्किए ।

सडक, पुलजस्ता भौतिक पूर्वाधारमा पुगेको क्षतिका कारण सवारी साधन आवतजावतमा समस्या भए पनि सरकारको प्रयासमा समस्या समाधान भएको उनको दाबी छ ।

बाँकी पृष्ठ २

## २३० स्थानीय तहमा अझै पुगेनन् हाकिम




काठमाडौं । संघीय सरकारले पहिलो पटक अधिकृत भएका कर्मचारीलाई स्थानीय तहमा पदस्थापन गर्ने नीति बनाए पनि देशभरका २३० वटा स्थानीय तह अझै प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीका रूपमा एमाले नेता राजकुमार गुप्ताले कार्यभार सम्हालेलगत्तै नयाँ नियुक्त हुने अधिकृत स्तरका कर्मचारीलाई स्थानीय तहमा पदस्थापन गर्ने नीति बनाएका थिए ।

स्थानीय तहहरूले यो नीतिको विरोध गरेपछि रिक्त स्थानीय तहमा समेत प्रमुख प्रशासकीय अधिकृत तोक्ने काम अन्योलमा छ । मन्त्रालयले कर्मचारी सरुवासम्बन्धी मापदण्डको मस्यौदा तयार पारेर राय सुझावका लागि सार्वजनिक गरे पनि अझैसम्म यसले अन्तिम रूप पाउन सकेको छैन ।

स्थानीय तहमा कनिष्ठ अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउन थालेपछि स्थानीय तहहरूले धमाधम अस्वीकार गरिरहेका छन् । तर, मन्त्रालयले भने यो नीतिमा न अहिलेसम्म पुनर्विचार गरेको छ न रिक्त स्थानमा अधिकृत नै पठाउन सकेको छ ।

हाल ६ मध्ये १ महानगर, ११ मध्ये ९ वटा उपमहानगरपालिका, २२१ नगरपालिका र ९९ वटा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । यीमध्ये कतिपय स्थानीय तहमा मन्त्रालयको नीतिमा भनिएजस्तो वरिष्ठलाई निमित्त दिने व्यवस्थासमेत पालना भएको छैन । *(सौस)*

# सुस्ताको सास्ती : नागरिकता न लालपुर्जा

■ प्रगति ढकाल



नवलपरासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५, सुस्ताका स्थानीय इन्द्रजित लोनियाको नेपाली नागरिकता लिएर मर्न मन छ । नागरिकता कुर्दाकुर्दै उमेरले ७० वर्ष नाघिसक्यो । तर, उनको हातमा आफ्नो न जग्गाको लालपुर्जा छ न साथमा नागरिकता !

'हमनके नेपाली हइन, लेकिन हमनके नागरिकता नहीं बा । नहीं हमनके लालपुर्जा बा । नागरिकता लेके हमनके मरेके मन बा' (हामी नेपाली भए पनि नागरिकता छैन । अनि लालपुर्जा पनि । नागरिकता लिएर मर्न मन छ) इन्द्रजितको गुनासो हो यो ।

लालपुर्जा र नगरिकता अझै पनि पाइन्छ कि भन्ने आशा मरेको छैन उनको । 'लालपुर्जा र नागरिकता पाए त मर्ने बेलामा पनि शान्तिले सास जान्थ्यो कि ?' इन्द्रजित भन्छन् । कष्टकर जीवनको लामै फेहरिस्त छ उनीसँग । भन्नेबित्तिकै सीमा कटेर भारत आवतजावत गर्न त्यति सहज नहुने र नेपाल जोड्ने पुलसमेत नहुँदा निकै सास्ती भोग्नुपरेको विगतको तितो अनुभव छ इन्द्रजितसँग । अहिले भने केही आशा जागेको पनि छ । 'यहाँ वर्षौंदेखि बिजुली थिएन, अन्धकारमा नै हाम्रो जीवन बित्यो, अहिले त हाम्रो बस्ती झलमल्ल भएको छ,' केही खुसीको भावमा उनी भन्छन्, 'अहिले त सुस्तामा पुल पनि बनिसक्यो, अब केही हुन्छ कि !'

यसअघि नवलपरासी (पश्चिम) स्थित नारायणी नदीमा पुल थिएन । सुस्तामा पुल नहुँदा ज्यानै जोखिममा राखेर डुंगामा वारपार गर्नुपर्दाको कष्टकर अनुभव सुनाउँछिन् सुस्ताकै मराक्षीदेवी लोनिया । 'यहाँ हामी उखु रोप्थ्यौं, तर बिक्दैनथ्यो । डुंगाबाट वारपार गर्दा लड्ने डर हुन्थ्यो, भारतले पनि हाम्रो उखु किन्दैनथ्यो,' उनी भन्छिन्, 'धेरै गाह्रो भएको थियो । बल्ल पुल बन्यो, अब त पहिला जस्तो सास्ती नहोला ।'

केही वर्षअघि डुंगा पल्टेरै उनका देवरको ज्यानै गएको थियो । त्यसपछि डुंगामा नदी वारपार गर्न उनलाई सधैं डर लाग्छ । 'त्यसपछि त म पारि नेपालसम्म नै जान डर मान्थें । केही पऱ्यो भने भारत जाने हो,' मराक्षीदेवी भन्छिन्, 'अब त पुल बनेको छ, पुल तरेर सजिलै पारि नेपाल जाने गर्छौं ।' मनभरि नेपालको माया छ तर नेपाली भन्ने प्रमाण छैन उनीसँग पनि । पुल बनेपछि खुसीले गद्गद् लोनियालाई अब नागरिकता पाए हुन्थ्यो भन्ने लाग्छ ।

गत असोज १० गते राष्ट्रपति रामचन्द्र पौडेल सुस्ता पुगेर झोलुंगे पुलको उद्घाटन गरिरहँदा सुस्तावासीले आफ्नो वर्षौंदेखिको सपना पूरा भएको अनुभव गरिरहेका थिए । अब आफूहरूले नागरिकताको विषयमा भोग्नुपरेको सास्तीको विषयमा राष्ट्रपतिले केही बोलिदिए हुन्थ्यो भन्ने आशा बोकेर कार्यक्रमस्थल पुगेकी थिइन् लोनिया । कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले भने, 'ढुक्क हुनुस्, तपाईंहरूलाई नागरिकता र लालपुर्जा दुवै दिन्छौं ।' उपस्थित सर्वसाधारणबाट खुसीले गडगडाहट ताली बजेको थियो ।

मराक्षीदेवी लोनियालाई नेपाली भाषा बोल्न आउँदैन । 'हमरा सरकार काकहत बानी, हमके सम्झादेइ । अर्थात हाम्रो सरकारले के भनेको हो ? मलाई बुझाइदिनुस् त,' छेउमै बसेका इन्द्रजित लोनियासँग सोध्छिन् । जबाफमा इन्द्रजित भन्छन्, 'नागरिकता देहेके कहत बानी अर्थात् नागरिकता दिन्छु भन्नुहुन्छ ।'

उनको उत्तर सुनेर मुसुक्क मुस्कुराउँछिन् मराक्षीदेवी । सायद वर्षौंदेखि नपाएको नागरिकता अब पाइन्छ कि भन्ने विश्वासले होला । उनी भन्छिन्, 'हमार सरकार हमनके यहाँ आइलबानिजा । हमनके बहुत खुसी बानिजा । हमनके लिए बहुत अच्छा काम कइलिजा । विद्युत भी ल्यान देहनी जा । पुल भी बना देहनी जा । हमनके बहुत खुसी बानिजा ।

बाँकी पृष्ठ २

## बाटैमा अस्ताए बर्थडे मनाउन केक लिन हिँडेका हजुरबा-नातिनी

■ सौर्य समाचार

झापा । झापाको कमल गाउँपालिका-४ केरखास्थित पूर्वपश्चिम राजमार्गमा बुधबार साँझ सवारी दुर्घटनामा परी २ जनाको घटनास्थलमै मृत्यु भएको छ ।

मृत्यु हुनेमा कमल गाउँपालिका-३ का ६० वर्षीय टेकबहादुर लिम्बू र उनकी ११ वर्षीया नातिनी कृपा लिम्बू रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी अर्जुनप्रसाद सोडारीले जानकारी दिए । उनका अनुसार साँझ ५:३० बजेतिर काँकडभिट्टाबाट काठमाडौं जाँदै गरेको प्र १-०१-००१ ख ४३३१ नम्बरको यात्रुवाहक रात्रिबसले सडक पार गरिरहेको विद्युतीय साइकललाई ठक्कर दिँदा साइकलमा सवार हजुरबुवा र नातिनीको घटनास्थलमै मृत्यु भएको हो ।

लालिमा बोर्डिङ स्कुलमा कक्षा ४ मा पढ्ने कृपाको जन्मदिन मनाउनका लागि चोकमा केक र मासु किनेर साइकलमा घर फर्किंदै गर्दा उनीहरूलाई बसले ठक्कर दिएको थियो । ठक्करबाट घटनास्थलमै मृत्यु भएका दुवै जनाको शव प्रहरीले उठाएपछि केहीबेर अवस्था तनावपूर्ण बनेको थियो । प्रहरीले हतारहतार शव उठाएको र ठक्कर दिने बसलाई लगेर चौकीमा राखेपछि अवस्था तनावपूर्ण बनेको हो ।

प्रहरीचौकी केरखाले बस चालक विशाल ठटाललाई तत्कालै नियन्त्रणमा लिएको जनाइएको छ । घटनापछि स्थानीयबासीले राजमार्गमा यातायात अवरुद्ध गरेका छन् । आक्रोशित स्थानीयले नजिकै रहेको प्रहरी बिटमा आगजनीसमेत गरेको बताइएको छ । चौकीभित्र रहेको बसमा पनि तोडफोड गरिएको छ । बसमा आगजनी गर्न स्थानीय चौकीभित्रै प्रवेश गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो ।

## सत्तापक्ष बालुवाटारमा...

'हामी लोकतन्त्रका लागि लडेका हौं । हामीलाई लोकतन्त्र मात्रै स्वीकार्य छ । अराजकता र अवाञ्छित क्रियाकलाप स्वीकार्य छैन । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजीवन लागेका छौं । हाम्रो यो प्रतिबद्धता र दृढतामा कुनै कमी आउँदैन,' प्रधानमन्त्री ओलीको यो भनाइ र उनको गराइमा कति भिन्नता छ भन्ने कुरा बुधबारको घटनाले नै पुष्टि गरिसकेको छ ।

## प्रतिपक्षको टाउको दुखाइ बनेको अध्यादेश !

सत्तापक्षले लामिछानेको पक्राउपछि कार्यकर्ताले गरेको विरोधका कार्यक्रमलाई लोकतन्त्रका नाममा भएका अराजकता र अवाञ्छित गतिविधिका रूपमा व्याख्या गरिरहँदा विपक्षीहरू भने सरकारले नै लोकतन्त्र मास्न लागेको भन्दै राष्ट्रपति रामचन्द्र पौडेलकहाँ बिन्ती बिसाउन पुगे ।

सत्ताक्षको चिन्ता र विपक्षीको टाउको दुखाइको विषय भने फरक छ । सत्तापक्ष लामिछानेको पक्राउपछिको अवस्थालाई लोकतन्त्रमाथिको प्रहार भनेर व्याख्या गरिरहेको छ भने विपक्षीहरू सरकारले ल्याउन लागेको भनिएको अध्यादेशलाई लोकतन्त्र र संविधानविपरीतको कदम भन्दै हिँडिरहेका छन् ।

यही विषयमा केन्द्रित भएर बुधबार साँझ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा विपक्षी दलका शीर्ष नेताहरू राष्ट्रपतिलाई भेट्न शीतल निवास पुगेका थिए । प्रचण्डको कमान्डमा राष्ट्रपतिलाई भेट्न शीतल निवास पुगेका प्रतिपक्षी नेताहरूले राष्ट्रपतिसमक्ष 'ब्रिफिङ' गर्दै 'वर्तमान परिस्थितिका बारे जानकारी दिन र लोकतन्त्र र संविधानको संरक्षकको भूमिका निर्वाह गरिदिन आग्रह गर्नका लागि भेट्न आएको' बताए ।

योसँगै विज्ञ र सल्लाहकारको जम्बो टोलीसहित राष्ट्रपतिको पदमा आसीन व्यक्तिलाई नै 'लोकतन्त्र र संविधानको संरक्षकको भूमिका निर्वाह गरिदिन' भन्दै विपक्षीहरूले सम्झाउन आवश्यक थियो कि थिएन ? भन्ने प्रश्न पनि उठ्छ । राष्ट्रपतिलाई सुझाव दिनु कुनै गलत विषय नभए पनि आफू सत्तामा हुँदा त्यही विषय संविधानविपरीत नहुने, तर अहिले आफू विपक्षमा हुँदा त्यही कदमले संविधान कसरी संकटमा पर्छ ? भन्दै विपक्षीहरूलाई सत्तापक्षका नेताहरूले प्रश्न गरिरहेका छन् ।

विपक्षीहरू यही विषय लिएर सोमबार प्रधानमन्त्रीलाई पनि भेट्न पुगेका थिए । उनीहरूले प्रधानमन्त्रीलाई भेटेर १३ बुँदे सुझाव प्रस्तुत गर्दै अध्यादेश नल्याउन चेतावनीसमेत दिएका थिए । तर, सरकारले अध्यादेश ल्याइहाल्यो भने पनि त्यसलाई रोकिदिन लागि माग गर्दै उनीहरू बुधबार राष्ट्रपतिलाई भेट्न पुगेका थिए ।

३ वर्षअघि अहिले विपक्षमा रहेको माओवादी केन्द्र त्यसबेला कांग्रेस नेतृत्व सरकारको गठबन्धनमा थियो र माधवकुमार नेपालको समर्थनमा रहेका तत्कालीन एमाले नेताहरूले पनि सरकारलाई समर्थन गरिरहेका थिए । उनीहरू सरकारमै हुँदा ९ भदौ, २०७८ मा एउटा अध्यादेश ल्याएर एमाले फुटाएर नेकपा एकीकृत समाजवादी गठन गरिएको थियो । त्यतिबेला माओवादीसहित नेपाललगायतको सहयोगमा प्रधानमन्त्री बनेका देउवाले एमाले फुटाएर आफूलाई सहयोग गर्ने नेपाललाई एमालेबाट अलग्याउन सहज हुने गरी दल विभाजनसम्बन्धी अध्यादेश ल्याएका थिए ।

अहिले फेरि कांग्रेसकै साथमा एमाले उक्त अध्यादेशलाई दोहोऱ्याउने र नेकपा एसलगायत दललाई नै फुटाउने दाउमा छ । यसैबाट तर्सिएका विपक्षीहरू हारगुहार गर्दै राष्ट्रपतिसम्म पुगेका हुन् । सत्तालाई आफूअनुकूल परिचालन गर्ने राजनीतिक दलहरूको 'कुप्रथा'का कारण अहिले विपक्षीहरू आफैं समस्यामा छन् । तर, सत्तालाई राजनीतिक स्वार्थ र प्रतिशोधको माध्यम बनाउने दलहरू अहिले 'संविधान र बहुलवादको मर्मविपरीतका गतिविधि सरकारले अघि बढाउँदै छ' भन्दै राष्ट्रपतिसम्म पुग्नुले उनीहरूको विगतका कदमलाई पनि गिज्याइरहेको छ ।

## ७० प्रतिशत...

'ठाउँ-ठाउँमा सडक भत्किएका थिए, सडक पहिरोले पुरिएका थिए र पुलहरू बाढीले बगाएका थिए । विपद्पछि बडादसैं आयो,' प्रधानमन्त्री ओलीले भने, 'राजधानी आउने/जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त नागरिक डराएका थिए । सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने उनीहरूमा डर थियो ।'

सरकारले ती चुनौतीपूर्ण परिस्थितिलाई कुशलतापूर्वक सम्हाल्दै राजधानी आउने सडकहरू चालु अवस्थामा पुऱ्याएको प्रधानमन्त्री ओलीको भनाइ थियो । 'अब बन्दै बन्दैन भनिएको बिपी राजमार्गमा तत्काल सवारी साधन चल्न सुरु गरे,' उनले भने, 'यस वर्षको दसैंमा पनि काठमाडौं छोडेर घर फर्कनेको संख्या अघिल्लो वर्ष जस्तै पुग्यो ।' तर, बाढी पीडित अझै अस्थायी आवास र राहत रकम कुरेर बसेका छन् । बेपत्ताहरू अझै भेटिएका छैनन् ।

यस्तै, ओलीले सरकारको अर्को उपलब्धिका रूपमा डिजिटल कनेक्टिभिटीका क्षेत्रमा नयाँ युगको सुरुआत भएको दाबी गरेका छन् । ओलीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सम्पन्न गरेको 'फाइबर टु द होम' (एफटिटिएच) सेवा विस्तार महत्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरे । 'हुम्ला एक मात्र यस्तो जिल्ला थियो, जहाँ 'एफटिटिएच' सेवा अझै पुगेको थिएन । गत भदौदेखि यो सेवा सञ्चालनमा आएसँगै मुलुकका ७७ वटै जिल्लामा यसको पहुँच पुऱ्याएका छौं,' उनले भने । तर, ओलीले हुम्लामा इन्टरनेट पुऱ्याएको दाबी गरिरहँदा काठमाडौं उपत्यकाकै कतिपय स्थानमा इन्टरनेट त परको कुरा, फोनको नेटवर्कले समेत काम गर्दैन ।

यस्तै, प्रधानमन्त्री ओलीले विपद् पीडितलाई राहत वितरण गरेको पनि उपलब्धिका रूपमा व्याख्या गरेका छन् । संकटग्रस्त क्षेत्रका ७१ स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको भन्दै उनले विपद्बाट प्रभावित परिवारलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर काम अघि बढाएको दाबी गरे । तर, पीडितहरू पनि अस्थायी आवासको अभावमा कोही पालमुनि रात कटाइरहेका छन् भने कोही आफन्तकहाँ आश्रय लिएर बसेका छन् ।

प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र जोखिम व्यवस्थापन कोषमा गरी झन्डै ४ अर्ब रुपैयाँ थुप्रिएको छ । त्यतिका पैसा कोषमा हुँदा पनि बाढीपहिरो गएको झन्डै १ महिना बित्दा ४३ करोड रुपैयाँ वितरण गरेको सरकारले यसैलाई ठुलो उपलब्धिका रूपमा व्याख्या गरिरहेको छ ।

यस्तै, सरकारले शान्ति प्रक्रियाका बाँकी काम टुंगोमा पुऱ्याउन सफल भएको दाबी गरेको छ । तर, वास्तविकतामा दलीय सहमति गरेर टिआरसीसम्बन्धी कानुन बनाउनेबाहेक सरकारले यसमा सिन्को भाँच्न सकेको छैन । कानुन बनेको डेढ महिनापछि बल्ल सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिसका लागि सर्च कमिटी गठन गरेको छ । यसमा पनि राजनीतिक दाउपेच र छिनाझपटीले निर्धारित अवधिमा काम हुनेमा शंका कायमै छ ।

यस्तै, सरकारले सडक पिच गरेको, सुरुङको ब्रेक थ्रू गरेकोजस्ता नियमित र पहिलेदेखि निरन्तर हुँदै आएका कामलाई पनि आफ्नो सफलताका रूपमा व्याख्या गरेको छ । बैंकको शाखा खोलेको, निजी क्षेत्रले बिजुली उत्पादन गरेको, उद्योग खोल्न जग्गा बाँडेको, संविधान दिवसमा कन्सर्ट आयोजना गरेको, कीर्तिपुर मैदानमा फ्लड लाइट जोड्ने निर्णय गरेको जस्ता कामलाई पनि सरकारको महत्वपूर्ण उपलब्धि भनेर प्रचार गरेको छ ।

यस्तै, सरकारले यसबीचमा देखिने गरी र राष्ट्रलाई फाइदा पुग्ने गरी गरेको काम भनेको बंगलादेशसँग विद्युत् व्यापार सम्झौता हो । नेपालले आफूलाई चाहिनेभन्दा बढी उत्पादन गरे पनि विद्युत् ऊर्जा बिक्री गर्नसक्ने सम्भावनामाथि निकै प्रश्न उठ्ने गरेको भन्दै सय दिनको अवधिमा बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यातका लागि त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको ओलीले उल्लेख गरेका छन् । यस्तै, निर्माण भएको लामो समयसम्म पनि अन्तराष्ट्रिय उडान नपाएको भैरहवा विमानस्थलमा पनि उडानको सुनिश्चितता भएको छ । भैरहवा र पोखरामा फ्लाइट आकर्षित गर्न भैरहवा र पोखराका लागि हवाई इन्धनको मूल्यमा प्रतिलिटर शून्य दशमलव ३७ डलर कम गरी अन्तर्राष्ट्रिय उडानको प्रबन्ध गर्न सफल भएको ओलीले बताएका छन् । आगामी कात्तिक २४ गतेदेखि दुबईबाट भैरहवासम्म र काठमाडौं हुँदै भैरहवाबाट दुबईको उडान सुरु हुने भएको छ । फ्लाई दुबईले हप्ताको सातै दिन दुबई र भैरहवा एवं काठमाडौं हुँदै भैरहवा र दुबईबीच उडान भर्नेछ । जजिरा एयरवेजले हप्ताको ३ दिन भैरहवा र कुवेत एवं कुवेत र भैरहवाबीच सीधा उडान भर्ने भएको छ । यसलाई सरकारको पहलमा भएको उपलब्धि मान्न सकिन्छ ।

यस्तै, नेपालभित्रै भए पनि देशको भूभागका रूपमा अनुभूत गर्न नपाएको नवलपरासी पश्चिमको सुस्ता नारायणी नदीमा पुल बनेसँगै देशसँग जोडिएको छ । यसलाई पनि सरकारको उपलब्धि मान्न सकिन्छ । तर, पनि बनिसकेको सुरुङ ब्रेक थ्रू गर्नुलाई ओलीले सरकारको उपलब्धि माने पनि राष्ट्रपतिले उद्घाटन गरेको सुस्ताको पुल भने प्रगति विवरणबाट गायब छ ।

यस्तै, सहकारी ठगीमा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउन सुरु गरेको सरकारले जनाएको छ । तर, यसबीचमा सहकारी ठगीमा जोडिएका नेता र शक्तिशाली व्यक्तिहरूमाथि भने सरकारले अनुसन्धान नै नगरी संरक्षण गरेको आरोप लागिरहेको छ । प्रतिपक्षी दल रास्वपा सभापति रवि लामिछानेलाई पक्राउ गरेर अनुसन्धान जारी भए पनि सत्तापक्षका धनराज गुरुङ, ऋषिकेश पोखरेललगायतलाई भने अनुसन्धानमा चासो दिएको छैन ।

प्रधानमन्त्री ओलीले सरकारका सय दिने उपलब्धिमा सवारी चालकले 'ट्रायल पास' गर्नासाथ नागरिक एपमा नै लाइसेन्स पाउने व्यवस्था गरेको, सवारी नियम उल्लंघनको जरिमाना तिर्दा स्पटमै भुक्तानी गर्न सकिने व्यवस्था गरेको, सरकारी सेवा लिन कार्यालय धाउनु नपर्ने, कर्मचारी भेट्नु नपर्ने र घरमै बसेर सबै सेवा लिन सक्ने व्यवस्था गर्न लागेको, सरकारी कार्यालयमा कामका फाइलहरू अड्काउने, कामको समयावधि लम्ब्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न क्युआर कोडमार्फत फाइल 'मुभमेन्ट ट्र्याकिङ' गर्ने प्रणाली परीक्षणका रूपमा सुरु गरेको, लगानीकर्ताको भौतिक उपस्थितबिना ५० करोड रुपैयाँसम्मको विदेशी लगानी स्वचालित प्रणालीबाट तुरुन्त स्वीकृतिको प्रमाणपत्र प्राप्त गर्न सक्ने गरी उद्योग विभागमा स्वचालित मार्ग कार्यान्वयनमा ल्याएको, नेपाल ल्यान्ड इन्फरमेसन सिस्टम लागू भएका ५८ नापी कार्यालयमा अनलाइनमार्फत सेवा 'ट्र्याकिङ' प्रणाली लागू भएको, नेपालभरका २६७ वटा मालपोत कार्यालयमा ज्येष्ठ नागरिक, अपांगता भएका, अशक्त नागरिकले लाइनमा नबसी सेवा प्राप्त गर्ने गरी व्यवस्था गरिएको, वैदेशिक रोजगारीमा मृत्यु भएकाहरूको परिवारलाई यसअघि दिने गरिएको क्षतिपूर्ति रकम ७ लाखबाट बढाएर १० लाख पुऱ्याएको, बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरूले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरूको परिवारलाई पनि १० लाख उपलब्ध गराउने व्यवस्था गरेकोलगायत उल्लेख गरेको छ ।

यस्तै, ३५ जिल्लाका ३० लाखभन्दा बढी किसानमध्ये १५ लाख किसानले भुक्तानी पाएको सरकारले जनाएको छ । उनीहरूले पाउने रकम भुक्तानीका लागि सरकारले ६० करोड रुपैयाँ निकासा गरेको उनको भनाइ छ । त्यसैगरी, करिब ७५ हजार उखु किसानले अनुदान बापतको भुक्तानी पाएको, कृषिबाली तथा पशुधन बिमामा समावेश भएका किसानको बिमाबापतको भुक्तानी गर्न ८० करोड रुपैयाँ निकासा गरेको, निर्माण व्यवसायीहरूले पाउनुपर्नेमध्ये संघीय मन्त्रालयहरूबाट ६ अर्ब ७५ करोड रुपैयाँ भुक्तानी दिएको पनि ओलीले जनाएका छन् ।

यस्तै, भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्नु नहुने भन्दै प्रधानमन्त्री ओलीले परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने प्राथमिकता रहेको दाबी गरे । भ्रष्टाचारका कसुरमा फस्ने त्रास र त्यसबाट उम्किने आकांक्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्वहरू सक्रिय रहेको भन्दै उनले राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता नगर्ने दाबी गरे । स्मरणीय छ- प्रधानमन्त्री ओलीले नेतृत्व गरेको दल एमालेको पार्टी कार्यालय बनाउन भनेर सरकारवादी मुद्दाका अभियुक्त मीनबहादुर गुरुङसँग अर्बौं रुपैयाँको जग्गा दानमा लिएको र सो जग्गामा भवन पनि गुरुङले नै बनाइदिने भनी बाचा गरेकोविरुद्ध परेको रिट निवेदन सर्वोच्च अदालतले दर्ता गर्न आदेश दिइसकेको छ ।

## सुस्ताको सास्ती...

हमनके लिए नागरिकता और लालपुर्जा मिलजातते और खुसी होतिजा । अर्थात्, हाम्रो सरकार पनि यहाँ आउनुभएछ । हामीलाई धेरै खुसी लागेको छ । हाम्रा लागि राम्रो काम गर्दिनुभयो । विद्युत् पनि ल्याइदिनुभएको छ । पुल पनि बनाइदिनुभएको छ । हामी धेरै खुसी छौं । हाम्रा लागि नागरिकता र लालपुर्जा दिलाइदिनुभयो भने अझै धेरै खुसी हुन्थ्यौं ।'

सुस्ता क्षेत्रसमेतको संसद्मा प्रतिनिधित्व गर्ने सांसद विनोद चौधरी नवलपरासी पुग्नेबित्तिकै उनलाई घेरा हाल्नेको भिड हुने गर्छ । कोहीले नागरिकता, कोहीले लालपुर्जा, कोहीले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रका समस्या लिएर स्थानीय आउने गरेको बताउँछन् चौधरी । 'सरकार हमनके दुःख बुझ्देहन जा नाही नाही कहिके मिली अर्थात सांसदज्यू हाम्रो दुःख बुझिदिनु है । हुन्न नभन्नु होला,' स्थानीय बिधौती हरिजनले सांसद चौधरीलाई गरेको आग्रह हो यो । सांसद चौधरी भन्छन्, 'उहाँहरूको मागलाई संसद्सम्म पुऱ्याउनेछु, ठेक्का सम्झौता भएर पनि लामो समयसम्म बन्न नसकेको सुस्ताको पुल मैरै पहलमा सम्पन्न भएर प्रयोगमा आएको छ । अरू समस्या विस्तारै समाधान हुँदै जानेछ ।'

पुल बनेपछि अब त ज्यानै जोखिममा राखेर डुंगाको यात्रा गर्नुपर्ने दिन सकियो भनेर खुसी देखिन्छिन्, सुस्ताकै मीना चौधरी । 'हामी नेपालसँग जोडिन पाएका थिएनौं, कहिले खोलामा भेल आउँथ्यो, पारि नेपाल जानै पाइँदैनथ्यो । रातिको समयमा डुंगा चल्दैनथ्यो,' मीना भन्छिन्, 'पुल बनेको छ, अब त हामीलाई पहिलाको जस्तो सास्ती छैन ।' सुस्तालाई पनि नेपालको अरू भूमिलाई जस्तै माया गरेर सेवा सुविधाबाट बञ्चित नगराइदियोस् सरकारले भन्ने लाग्छ उनलाई । 'हामी पनि त नेपाली नै हौं, हामीलाई पनि शिक्षा स्वास्थ्य जस्ता सुविधा पाउने हक त छ नि,' मीना भन्छिन्, 'लामो समय अन्धरकारमै गुजारा गरेका थियौं । अहिले झलमल्ल बत्तीमा बस्न पाएका छौं, अब चाहिँ अरू सास्तीबाट मुक्ति पाए हुन्थ्यो झैं लाग्छ ।'

स्थानीय रामवृक्ष चमारको पनि उही गुनासो छ । लालपुर्जा छैन । आफूले त कष्ट काटे पनि छोरानातिको पालामा सुख भइदिए पनि हुन्थ्योझैं लाग्छ उनलाई पनि । सुस्तामा जोडिएको पुलले केही आशा जगाएको छ । उनी भन्छन्, 'अहिले पुल बनेको छ, पारि ओहोरदोहोर गर्न पाइएको छ । अब अरू माग पनि पूरा होला कि भन्ने आशा छ ।' अब लालपुर्जा पनि समयमा नै पाउन पाए हुन्थ्योझैं लाग्छ उनलाई । नागरिकता नपाउँदा राज्यबाट पाउनुपर्ने कुनै पनि सुविधा पाउन नसक्दा अझै मन विचलित छ उनको । चमार भन्छन्, 'हामी पनि नेपाली हौं, हामीलाई पनि नागरिकता चाहिन्छ भनेका छौं ।'

नवलपरासी जिल्ला भूमि आयोगका अध्यक्ष देवराज भण्डारी सुस्तापारिको हकमा मात्रै लालपुर्जामा समस्या रहेको बताउँछन् । सीमा विवाद नटुंगिएसम्म समस्या रहेको र अन्तर्राष्ट्रिय सिमानासँग जोडिएका क्षेत्रमा छुट्टै ऐन लागू हुने भएकाले लालपुर्जाको समस्या समाधान गर्न चुनौती रहेको उनको भनाइ छ । 'नवलपरासी पश्चिमका २२ हजारसँग लालपुर्जा नै छैन, पश्चिम क्षेत्र नं १ मा १४ हजार जनाको हाराहारीमा लालपुर्जा छैन,' भण्डारी भन्छन्, 'सांसद चौधरीको पहलमा जग्गा वितरण गर्ने कार्य सुरु भए पनि आयोग विघटन भएपछि काम रोकिएको छ ।'

भण्डारीका अनुसार लालपुर्जाको समस्या विशेष गरी सुस्ता गाउँपालिका, बर्दघाट नगरपालिकामा देखिएको छ । सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना, वाल्मीकि नगर, नवलपरासीकी सम्पर्क तथा भू-आर्जन अधिकृत कमला पराजुली (तिवारी) ले सुस्तावासीले नागरिकता, शिक्षा, सुरक्षा, स्वास्थ्य, लालपुर्जा, रोजगारीलगायत समस्या भोग्नुपरेको बताइन् । 'सुस्ता नेपाल-भारत सीमाको नजिक भएकाले विवाह गरेर आउने र जाने चलन छ । बसाइँ सरेर आउनेको संख्या पनि छ,' उनी भन्छिन्, 'सुस्तामा बस्ने सबै सर्वसाधारणले नागरिकता नपाएकाले राज्यको सुविधाबाट वञ्चित हुनुपरेको छ ।'

सुस्ता उखुको राम्रो उत्पादन हुने ठाउँ भए पनि पुल नभएका कारण विगतमा सुस्ताको उखु लैजान निकै कठिन हुने गरेको स्थानीय सखवर व्यवसायी रामु ढकालको अनुभव छ । 'यहाँको उखु डुंगाकै भरमा लानुपर्थ्यो । डुंगा नै पल्टिन्छ कि भन्ने डर हुन्थ्यो,' ढकाल भन्छन्, 'उखु नै नबिकेर कतिले त धान खेती लगाउन थालेका छन् । पुल बनेपछि अब उखु नबिक्ने सास्ती हट्नेछ र हामी व्यापारीलाई पनि सहज हुनेछ ।'

सुस्ता बचाउका युवा अभियन्ता कमल बत्स्याल पनि सुस्तामा शिक्षा, स्वास्थ्य, रोजगारीलगायत समस्याहरू यथावत रहेकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताउँछन् । नागरिकता नै नहुँदा अनेक समस्या रहेको सरावल गाउँपालिका पूर्वअध्यक्ष राधेश्याम चौधरीको भनाइ छ । 'नागरिकता नहुँदा बैंकिङ समस्या भइरहेको छ । मानिस स्नातकोत्तर पढेका छन् । तर, नागरिकता नहुँदा रोजगारीमा समस्या छ । सामाजिक सुरक्षा भत्ता पनि पाउन सकेका छैनन्,' उनी भन्छन्, 'यहाँका मानिसको मनमनमा नेपालीपन छ, तर प्रमाण छैन ।' -रासस

---

**बोलपत्रद्वारा काठलिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१।०७।०८**

रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समूह, रौतहटको वनबाट उत्पादन भई स.व.र. क्याम्पको चौर घाटगद्दीमा विभिन्न १७ वटा लट बनाई राखिएको विभिन्न जातका १५०७ थान गोलियाको १५२०८.२२ क्यू.फि. काठजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथक पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रामलाल वृन्दावनसाझेदारी वन उपभोक्ता समूह**
**विश्रामपुर, रौतहट**

---

**SAUDI मा रोजगार**

**QATOOF NORTH CATERING COMPANY**

पुर्ब स्वीकृति मिति: २०८१/०७/०७ चलानी नं.:. ६०२२७०२० LT No. 312573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | काममा दक्ष | 1000 | ६४,६४३।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्योर्हने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्योर्हने | कामदार आफैले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८१ कार्तिक १५ गते (31 Oct., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

TESLA OVERSEAS PVT. LTD. Govt Lic. No.: 1638/080/81

**TELSA OVERSEAS PVT. LTD.**

Sinamangal-9, Kathmandu, Tel.: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

---

# Gramthan Rural Municipality

**Office of the Rural Municipal Executive**

**Tetariya, Morang, Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication:2081/07/08**

1. *Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders for the construction of *work as stated in table below.*

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | G.R/NCB/ WORKS/11-081-082 | Wada no 6 Bibhinna Sadak kalopatrey (package) | 1,26,91,386.32 | 3,000 | 2,80,000 | |

For more Details https://bolpatra.gov.np/egp/ or https://gramthanmun.gov.np/

**Chief Administrative Officer**

---

# Belkotgadhi Municipality

## Office of the Municipal Executive

Baghkhor, Nuwakot

Bagmati Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2081/07/08 (October 24, 2024)**

1. Belkotgadhi Municipality, Office of the Municipal Executive, Baghkhor, Nuwakot invites electronic bids from eligible bidders for the following listed works as specified below under National Competitive Bidding procedures.
2. **Information to deposit the cost of Bidding Document and Bid Security Amount in Bank:**
   Name of the Bank: Sanima Bank Limited, Belkotgadhi Branch, Nuwakot
   Name of the Office: Belkotgadhi Municipality, Office of the Municipal Executive, Nuwakot
   **Ga. 1. 1. Antarik Rajaswa Khata no. : 041010040000081 (for bid document fee)**
   **Ga. 3. Sthania taha Dharauti Khata no: 041010040000091 (for bid security amount)**
3. Only electronic bids will be accepted.
   Eligible Bidders may obtain detailed information and inspect the bidding documents at the Office of the Municipal Executive, Baghkhor, Nuwakot, website: www.belkotgadhimun.gov.np or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***

| Contract Identification No. | Description of Works | Estimated Amount without VAT (NRs.) | Bid Security Amount | Bid Document Fee | Bid submission date and time | Bid opening date and time |
|---|---|---|---|---|---|---|
| BGM/NCB /SGOODS/ 08/081-82 | Supply and delivery of Medicine for public health | 27,53,655.00 | NRs.70000/ | NRs. 3000/ | 2024-11-24 within 12:00 hrs | 2024-11-24 within 13:00 hrs |

***Chief Administrative Officer***

---

# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**चौतारा, सिन्धुपाल्चोक**

**बाग्मती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१/०७/०८)**

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८१/०५/२४ र २०८१/०५/२८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-05/ 2081/082 | Upgrading Works of Chautara Gidane Road Sector, Ward no-06 | Budathoki Nirman Sewa, Chautara Sangachokgadhi Municipality - 06, Sindhupalchok | ४४,९०,३९०.६० |
| २ | CSGM/NCB/ WORKS-06/ 2081/082 | Upgrading Works of Aahaldanda Dandapari Bhirkuna Road Sector, Ward no-5 | K.Three K. Construction And Suppliers, Chautara Sangachokgadhi Municipality - 12, Sindhupalchok | ४६,३५,७१८.९४ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

# शिक्षा योजना बनाउँदै छायानाथ रारा नगरपालिका



■ नन्द बहादुर रोकाया

मुगु । मुगुको छायानाथ रारा नगरपालिकामा शिक्षामा सुधार ल्याउन १० वर्षीय शिक्षा योजना बनाउन थालेको छ । गुणस्तरीय शिक्षा, शैक्षिक क्षेत्रको विकासका लागि छायानाथ रारा नगरपालिकाले शिक्षा योजना निमार्ण गर्न थालेको हो ।

नगरपालिकामा सामुदायिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा आधारित, समुदायमा आधारित गरी ४६ वटा र ४ वटा संस्थागत विद्यालय छन् । यस नगरपालिकामा शैक्षिक क्षेत्र खस्कँदै गएको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले शिक्षामा सुधार ल्याउन शिक्षा योजना बनाउन सुरु गरेको जनाएको छ ।

यस नगरपालिकाले आगामी १० वर्षभित्र सबै नागरिकलाई शिक्षामा पहुँचको अवसर प्रदान गरी, समतामूलक समावेशिताका आधारमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यसहित सिकाइमैत्री वातावरण निर्माण गरी व्यावसायिक, सीपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिने र आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने योजनाका साथ पालिकाले शिक्षा योजना निमार्ण गर्न थालिएको नगरप्रमुख विष्णुकुमार भामले जानकारी दिए ।

शिक्षा योजना निमार्णका लागि नगरपालिका भित्रका विज्ञ सरोकारवालाहरू, शिक्षकहरूको सहभागितामा सुझाव संकलनका साथ शिक्षा योजना निर्माण गर्ने योजनाका साथ ३ दिन शिक्षा क्षेत्रका विभिन्न सवालमा छलफल थालिएको छ ।

प्राम्भिक बालबिकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षालगायत अन्य शिक्षा क्षेत्रको विकासका लागि शिक्षा योजना अनिवार्य भएकाले पालिकाले शिक्षा योजना निर्माण थालेको नगरप्रमुख भामको भनाइ छ ।

मंगलबारबाट शिक्षा योजनाका बारेमा शिक्षा क्षेत्रका विज्ञ सरोकारवाला निकायसँग छलफल थालिएको र उनीहरूको राय सुझावका आधारमा लेखन समिति गठन पनि गरिएको छ ।

नगरपालिकाका शिक्षा शाखा प्रमुखको संयोजकत्वमा ९ सदस्यीय लेखन समिति गठन गरिएको र लेखन समितिले आगामी ३ हप्ताभित्र सरोकारवाला निकायको राय सुझावका आधारमा पालिकाको शिक्षा योजना निमार्ण गर्ने जनाइएको छ ।

पालिकाको शिक्षा योजना निर्माणपछि एक औपचारिक कार्यक्रमका बीच बाँकी विविध विषयमा छलफल गरी पूर्णता दिने र त्यसपछि शिक्षा योजना कार्यपालिकाबाट अनुमोदन गरी नगरपालिकामा लागू गरिने नगरप्रमुख भामले बताए ।

नगरपालिकाको शिक्षा क्षेत्र योजना निर्माणका लागि युनिसेफ नेपालको आर्थिक सहयोगमा समाज जागरण केन्द्र (स्याक नेपालको) प्राविधिक सहयोगमा शिक्षा योजना निर्माण हुन थालिएको नगरपालिकाले जनाएको छ । शिक्षा योजना निमार्णका लागि युनिसेफ नेपालका शिक्षा अधिकृत फर्सुराम पन्थ र समाज जागरण केन्द्र स्याक नेपालका एसइएसपी संयोजक हरिभक्त तिवारीले छायानाथ पालिकाको शिक्षा योजना निमार्णमा सहजीकरण गरेका थिए ।

# जडीबुटी व्यवसायबाट मासिक १ लाखभन्दा बढी आम्दानी

■ सौर्य समाचार



धरान । धरान उपमहानगरपालिका-१५ मा जडीबुटी व्यवसाय सञ्चालन गरी शेर्पा समुदायका महिलाले मासिक १ लाखसम्म आम्दानी गर्दै आएका छन् ।

यहाँका महिलाले यार्सागुम्बा, चिराइतो, पदमचाल, हर्चो, पाषाणभेद, सतुवा, जेठीमधु, चिप्लेकिरा, बिखुमा, पुदिना, रिठ्ठा, टिमुरलगायत ३ सयबढी जडीबुटी बिक्री गर्दै आएका छन् । करिब २० वर्ष अघिदेखि जडीबुटी व्यवसाय गर्दै आएकी धरान-१५ की फूपुपोंग्सुवा शेर्पाले यही व्यवसायबाट मासिक १ लाखदेखि १ लाख ५० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको जानकारी दिइन् । जडीबुटी बेचेर जीविकोपार्जन हुँदैन भन्नेलाई उनी एक सफल व्यवसायीका रूपमा उदाहरणीय बनेकी छन् । पोंग्सुवाले भनिन्, ‘लामो समय जडीबुटी बोकेर हटिया बजारतिर घुम्दै बेच्ने गरिन्थ्यो । अहिले स्थायी रूपमा जडीबुटी बेच्ने व्यवसाय सञ्चालन गरिरहेको छु ।’ सुरुआती समयमा धनकुटा, बर्दिबास, लालबन्दी, सिन्धुली, पोखरा, रामेछाप, काठमाडौँलगायत ठाउँमा घुमेर जडीबुटी बिक्री गर्ने गरेको बताउँदै उनले अहिले इटहरी उपमहानगरपालिका-६ मा पसल सञ्चालन गरेको जानकारी दिइन् । पोंग्सुवाले भनिन्, ‘सुरुमा व्यापार कम थियो, घरखर्च पुऱ्याउन समस्या हुन्थ्यो । अहिले समय फेरिएसँगै व्यापार पनि बढेको छ । परिवारको खर्च, छोराछोरी पढाउन सबै यही व्यापारले पुगेको छ, धरान-१५ बगरकोटमा २ तले घर पनि बनाएकी छु ।’

पहिले गाउँदेखि सहरसम्म महिनौं दिन लगाएर हिँडेर व्यापार गर्दा खर्च जुटाउन गाह्रो हुने गरेको सुनाउँदै उनले अहिले मासिक १ लाख ५० हजार बढी आम्दानी हुने गरेको जानकारी दिइन् । किमाथांका, संखुवासभा, सोलु भोटखोला, पश्चिमको रोल्पा, डोल्पा, खासा, सिक्किम, दार्जिलिङलगायत भारतका विभिन्न स्थानबाट जडीबुटी खरिद गरेर बिक्री गर्ने गरेको उनले बताइन् ।

‘सामान खरिद गर्न कहिले आफैं जाने गरेको छु भने कहिले अनलाइन मगाउने (अर्डर) गरेपछि गाडीमार्फत आउँछ’, पोंग्सुवाले भनिन् । जडीबुटी बेच्न अनुमतिपत्र (लाइसेन्स) लिइसकेपछि अहिले व्यवसाय सञ्चालनमा सहजता आएको उनले बताइन् । नगरपालिकाले हरेक वर्ष औषधि व्यापारसम्बन्धी तालिम दिने गरेकाले थप हौसला प्राप्त भएको उनको भनाइ छ । उनी जस्तै धरान-८ का आचुङ्मा भोटे इटहरी-६ स्थित टेंगा खोलाको नजिकै रहेको पुल किनारको खुल्ला आकाशमुनी पारिलो घाममा जडीबुटी बिक्री गरिरहेको अवस्थामा भेटिए । उनले बिक्रीका लागि विभिन्न प्रकारका जडीबुटी आकर्षक देखिनेगरी खोला किनारमा लहरै राखेका थिए । उनले भने, ‘१८ वर्षदेखि यही व्यापार गर्दै आएको छु, सबै खर्च कटाएर मासिक ६० हजारबढी आम्दानी हुने गरेको छ ।’ पुर्खौली घर संखुवासभा भएको बताउँदै आचुङ्माले १५ वर्षअघि व्यापार गर्ने उद्देश्यले धरान झरेको जानकारी दिए । ‘हाम्रा पूर्खाहरूले पहिले हिमाली भेगको लेकतिर जडीबुटी संकलन गरेर हिउँदमा बिक्री गर्न मधेसतिर झर्ने र बर्खा लागेपछि घर फर्किनुहुन्थ्यो’, उनले भने, ‘पहिले गाउँमा अस्पताल, सडक नहुँदा यहाँका शेर्पा र भोटे समुदायले जडीबुटी व्यापार गर्दै आएका थिए । पुर्खाको पेसालाई अहिले हामीले पनि निरन्तरता दिएका छौँ ।’

अहिले जडीबुटीप्रति धेरैको विश्वास बढ्दै गएकाले माग पनि बढी हुने गरेको आचुङ्माले बताए । ‘काठमाडौं, विराटनगर, मोरङ, झापालगायत ठाउँबाट फोन गरेर जडीबुटी माग गर्नुहुन्छ’, उनले भने ।

इटहरीको पूर्वतर्फ हटिया खोलाको किनारमा व्यापार गर्दैगर्दा भेटिएका धरानका दावा शेर्पाले १० वर्षदेखि जडीबुटी बिक्री गर्दै आएको बताए । ‘यही व्यापारले बिहान-बेलुका खान पुगेको छ । मिहिनेत अनुसारको आम्दानी राम्रो छ । दैनिक ५ हजारदेखि १० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको छ’, उनले भने, ‘ जडीबुटीको मूल्य पनि धेरै महँगो छैन, ५ देखि ५०० रुपैयाँसम्ममा पाइन्छन् ।’ दावाले नेपालका विभिन्न ठाउँ र भारतबाट जडीबुटी आउने गरेको बताए । उनले भने, ‘ अन्य पेसामा ज्ञान नभएकाले जडीबुटी व्यवसाय रोजेको हुँ । सस्तोमा ५ रुपैयाँदेखि ३ हजारसम्मका जडीबुटी बिक्री हुन्छन् ।’ उनका अनुसार पसलमा अहिले २०० बढी किसिममा जडीबुटी छन् ।

# शुक्लाफाँटामा जंगल सफारी खुला

■ सौर्य समाचार

दोधारा चाँदनी । महेन्द्रनगरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटकका लागि खुला गरिएको छ । गत बिहीबारदेखि निकुञ्ज प्रशासनले पर्यटकका लागि शुक्लाफाँटामा जंगल सफारी खुला गरेको हो । गत असारमा आएको बाढीका कारण पर्यटक पथमा क्षति पुगेका कारण यस वर्ष ढिलो गरी पर्यटकका लागि निकुञ्ज खुला गरिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मनोज ऐरले जानकारी दिए । ‘अन्य वर्षको भन्दा यसपटक ढिलो गरी हामीले जंगल सफारी खुला गरेका छौँ’, उनले भने, ‘निकुञ्जभित्र पर्यटक पथमा रहेका सबै पुल र बाटोमा बाढीले क्षति गरेको र मर्मतका लागि समय लागेका कारण ढिलो गरी पर्यटकका लागि निकुञ्ज खुला गर्ऐको हो ।’ उनले बाढीले सडक र काठेपुलहरू बाढी क्षति गरेको बताए ।

‘अहिले पनि सहायक बाटाहरूमा ग्राभेललगायत काम गर्न बाँकी छ’, संरक्षण अधिकृत ऐरले भने, ‘निकुञ्ज कार्यालयले पर्यटन प्रवर्द्धनका लागि काम गरिरहेको छ ।’ ३०५ वर्गकिलोमिटर क्षेत्रफल रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाह्रसिंगाका लागि प्रख्यात छ । निकुञ्जको विशाल घाँसेमैदानमा २ हजार बढी बाह्रसिंगाको झुण्ड देख्न पाइन्छ । त्यसैगरी, निकुञ्ज पाटेबाघका लागि पनि प्रख्यात छ । निकुञ्जले गरेको पछिल्लो गणनाअनुसार यहाँ बाघको संख्या ४४ पुगेको छ ।

त्यसैगरी, गैंडालगायत दुर्लभ वन्यजन्तुका लागि पनि निकुञ्ज प्रसिद्ध छ । वन्यजन्तु मात्रै नभई दुर्लभ वनस्पतिका लागि पनि प्रसिद्ध ठाउँ हो शुक्लाफाँटा । निकुञ्जमा १२ प्रजातिका घस्रने वन्यजन्तु रहेका छन् भने २० प्रजातिका उभयचर, २४ प्रजातिका माछा, ३५ प्रजातिका पुतली, २०१३ को गणनाअनुसार ८०-९० वटा नीलगाई र ४४९ प्रजातिका चरा रहेको निकुञ्ज कार्यालयले जनाएको छ ।

विश्वमै दुर्लभ मानिएको सारस, खरमजुर, सिम तित्रा, राजधेश र लेसर भुडीफोरजस्ता वन्यजन्तु पनि छन् । स्तनधारी वन्यजन्तुमा ५३ वटाभन्दा बढी प्रजातिहरू रहेका छन् । जसमा पाटेबाघ, एकसिंगे गैंडा, हात्ती बाह्रसिंगा, कृष्णसार, सालक, नीलगाई, चितुवा चितल, लगुना, रतुवा, हिसपिड खरायो, बँदेल आदि रहेका छन् । निकुञ्ज प्रशासनका अनुसार गत आर्थिक वर्षमा निकुञ्जमा ३ हजार ६७ पर्यटकले अवलोकन गरेका छन् । यसमा विदेशीको संख्या २५० मात्रै छ ।


**थाहा नगरपालिका**

**थाहा नगरपालिका**

ཐཱ་ཧ་ ནགར་པ་ལི་ཀ

**नगर कार्यपालिकाको कार्यालय**

**ईन्द्रायणी चौर, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०७/०७**

यस नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/०५/३१ दैनिक पत्रिकामा प्रकाशित खानेपानी मिटर तथा सामाग्री खरिद बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार ईविड मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनत्तम मुल्यांकित तथा सारभूतरुपले प्रभावग्राहि भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनको लागि सम्बन्धित सबैको लागि आजैको मिति देखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**तपशिल**

| ठेक्का नं. | कार्य विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| IFB THA/01/NCB/2081/082 | Supply Of Water and Material items Thaha Municipality | Hadware Nepal Pvt. Ltd. Kathmandu | 17,13,001.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**Ratuwamai Municipality**

**Office Of Municipal Executive**

**Sijuwa,Morang**

**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of Publication : 2081/07/08**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below :-

| S.N | Contract Name/Contract ID | Notice Publication | Estimated Amount (NRs) (Exclusive of VAT & | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|---|
| 1. | Jhurkiya Krishi Bajar Parking Nirman Tatha Interlock Block Halne Kaam (Rmun/NCB/Works/10/2081/82) | First Notice | 26,94,881.28 | 3000 | 76,000 | Submission Deadline 2081/08/09 12:00 Noon Opening Date 2081/08/09 13:00 Noon |
| 2. | Damrabhitta Bajar Purwadhar Nirman (Rmun/NCB/Works/11/2081/82) | | 49,00,938.83 | 3000 | 1,36,500 | |
| 3. | Ambadi Bajar Saundaryakaran, Ratuwamai-04 (Rmun/SQ/Works/03/2081/82) | Second Notice (First notice Publication :2081/06/08) | 16,86,757.85 | 1000 | 46,500 | Submission Deadline 2081/07/27 12:00 Noon Opening Date 2081/07/27 13:00 Noon |
| 4. | Sijuwa Bajar Byabasthapan (Rmun/SQ /Works/01/2081/82) | | 15,86,289.95 | 1000 | 45,000 | |
| 5. | Bishwanath Mandir Bhautik Purvadhar, Ratuwamai-07 (Rmun/SQ /Works/02/2081/82) | | 12,02,978.29 | 1000 | 34,500 | |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp .

3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# गलत परम्पराको निरन्तरता

वर्तमान सरकारले १०० पूरा गरेको छ । लोकतन्त्रको थिति बसिसकेका विकसित देशहरूले सरकारको १०० दिनको अवधिलाई 'हनिमुन पिरियड' का रूपमा लिने गरेका छन् । राज्य संयन्त्रसँग परिचित हुनकै लागि १०० दिन लाग्ने भएका कारण विपक्षीदलहरूले समेत सरकारको आलोचना गर्न १०० दिन पर्खने परिपाटी थिति बसिसकेका विकसित देशहरूमा छ । १०० दिन कटेपछि भने प्रमुख विपक्षी दलको नेतृत्वमा सबै विपक्षी दलहरूले सरकारको कामकारबाहीबारे टिप्पणी गर्ने परम्परा छ । तर, लोकतान्त्रिक मर्म अनुसारको थिति नबसेको हाम्रो देशमा प्रतिपक्षीहरूले सरकारको आलोचना गर्न १०० दिन पर्खने परिपाटी विकास हुन सकेको छैन । अर्कातिर १०० दिन कट्नासाथ प्रधानमन्त्रीले देशबासीका नाममा सम्बोधन गर्ने परम्परा छ । यही परम्पराका कारण १०० दिन पुग्नासाथ प्रधानमन्त्रीले भए नभएका झिनामसिना कुरालाई सरकारका उपलव्धी भन्दै जनताको कान टट्टाउने गरी फेहेरिस्त प्रस्तुत गर्ने कर्मकाण्डलाई तोड्ने आँट कुनै पनि प्रधानमन्त्रीले गर्न सकेका छैनन् । २ प्रमुख दल मिलेर बनेको वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले यो परम्परा तोड्लान कि भन्ने अपेक्षा गरिएको थियो । तर, बुधबार देशबासीको नाममा सम्बोधन भन्दै यसअघिका प्रधानमन्त्रीहरूले भन्दा पनि लामो भाषण गरे । बाढी, पहिरोलगायत प्राकृतिक प्रकोपमा परी ज्यान गुमाएकाहरूको शव व्यवस्थापन तथा उनीहरूका परिवारलाई दिइएको राहत रकमलाई समेत सरकारका १०० दिनका उपलव्धी भन्न प्रधानमन्त्री ओलीले भ्याए ।

वास्तवमा १०० दिन भनेको कुनै पनि सरकारले उदाहरणका रुपमा उपलव्धी प्रस्तुत गर्न सकिने अवधि नै होइन । सरकारले थालनी गर्ने कामका निश्चित कानुनी प्रक्रिया हुन्छन् । प्रक्रियाको अवधि कानुनले नै तोकेको हुन्छ । योजना छनौटदेखि बजेट विनियोजन तथा टेन्डर प्रक्रिया पूरा गर्न १०० दिनको अवधिले पुग्दैन । विधेयक मस्यौदा तयार गरी संसद्सम्म पुऱ्याउन पनि १०० दिनको अवधिले पुग्दैन । यस्तो अवस्थामा प्रधानमन्त्रीले १०० दिनका उपलव्धी भनेर जारी गर्ने फेहरिस्तमा बासी तथा वाहियात कुराहरू समावेश हुने नै भए । जुन कुरा सचेत जनतालाई थाहा छ । आफूले जे बोले पनि जनताले पत्याइदिन्छन् भन्ने कुरा प्रधानमन्त्रीको कुर्सीमा बस्नेहरूले ठानेका हुन् भने बेग्लै हो । सरकार कुन दिशातर्फ जाँदै छ ? भन्ने संकेत भने १०० दिनको अवधिले निश्चित रूपमा दिन्छ । संकेतका सन्दर्भमा १०० दिनको अवधि भनेको काफी हो । राज्य संयन्त्रबाट जनताका निम्ति प्रवाह हुने सेवा सुविधालाई सहजतातर्फ लैजाने मामिलामा पनि १०० दिनको अवधि काफी हो । यसैगरी मित्रराष्ट्रहरूसँग संवाद गर्ने मामिलामा पनि १०० दिनको अवधि काफी हो । भ्रष्टाचार हुँदैन, दोषीहरूले सजाय पाउँछन् भन्ने प्रत्याभूति दिने मामिलामा पनि १०० दिनको अवधि काफी हो ।

समग्रमा भन्ने हो भने १०० दिनको अवधि भनेको सरकारमा रहनेहरूको नियत र क्षमताबारे जनताले थाहा पाउने अवधि हो । ओली सरकारको १०० दिनको अवधिमा जे जस्ता समाचारहरू मिडियामा आए, तिनलाई सामान्य रूपमा विष्लेषण गर्ने हो भने सरकारमा रहनेहरूको नियत ठिक छैन, र प्रधानमन्त्री ओलीले देश हाँक्ने क्षमता राख्दैनन् भन्ने सन्देश स्पष्ट रूपमा प्रवाह भएको छ । राज्यबाट प्रवाह हुने सेवा सुविधामा निमुखा जनताको पहुँच नहुने अवस्था घटेको छैन, झन् बढेको छ । सुशासनका मामिला हेर्ने हो भने मिनबहादुर गुरुङसँगको आर्थिक लेनदेन प्रकरण, कुलमान घिसिङ माथिको षड्यन्त्र प्रकरण, पशुपति धर्मशाला प्रकरण छताछुल्ल भइसकेका छन् । बालमन्दिर, बाँसबारी र टीकापुर जग्गा हिनामिनाको अनुसन्धान रोकिएको छ । नक्कली शरणार्थीको छानबिन गरिरहेका प्रहरीको सरुवा गरिएको छ । प्रधानमन्त्री ओलीले अझै पनि छिमेकी भारत र चीनबाट औपचारिक भ्रमणको निम्ता पाएका छैनन् । राष्ट्रिय सहमतिको वातावरण बनाउने घोषित प्रतिवद्धताका साथ गठन भएको वर्तमान सरकारविरुद्ध यही कात्तिक १० गते प्रमुख प्रतिपक्षी दल माओवादीले भ्रष्टाचार र बेथिति बढेको भन्दै खबरदारी जुलुस प्रदर्शन गर्दै छ । रास्वपा आन्दोलनमा उत्रिसकेको छ भने राप्रपा, एकीकृत समाजवादी र आजपाले पनि आन्दोलनको तयारी गरेका छन् ।

## कात्तिक ८ गतेको राशिफल

| | |
|---|---|
| मेष | अपमान । |
| वृष | सुख प्राप्त । |
| मिथुन | असफलता । |
| कर्कट | आनन्द प्राप्त । |
| सिंह | खर्च बढ्ने । |
| कन्या | आय वृद्धि । |
| तुला | गृह सुख । |
| वृश्चिक | हानी । |
| धनु | धन नास । |
| मकर | उत्तम भोजन प्राप्त । |
| कुम्भ | रोग नास । |
| मीन | मनमा अशान्ति । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७६९७९
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# दल विभाजन गराउने अलोकतान्त्रिक सोच



श्रीमन नारायण

"थ्रेसहोल्डको विषयमा संविधानमा आवश्यक संशोधनको विषय अहिले चर्चामा छैन, तर राजनीतिक दलहरूमा विभाजन ल्याउनेसम्बन्धी एउटा अध्यादेश सरकारले ल्याउन खोजेको भनी चर्चाले देशका अधिकांश साना दलहरूमा ७ रेक्टरभन्दा माथिको भूकम्प ल्याइदिएको छ । २०७३ सालमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला पनि उनले यस्तै खाले विधायक ल्याउन खोजेका थिए । जसबाट त्रसित भएर उपेन्द्र यादव र महन्त ठाकुरको पार्टी रातारात एकीकृत भई जसपा नेपालको जन्म भएको थियो

देशका २ प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीच गत असार १७ मा भएको सत्ता समझदारीको प्रमुख बुँदामा संविधान संशोधनलाई राखिएको थियो । तर कुन-कुन विषयमा संशोधन गर्ने भन्नेमा उपरोक्त २ दल नै अन्योलमा छन् । सत्तागठबन्धनका अन्य दलहरूसँग पनि यस विषयमा औपचारिक अथवा अनौपचारिक विचार विमर्श भएको छैन ।

नेपाली राजनीतिमा यस विषयले विगत ५ महिनादेखि राम्रो चर्चा पाएको छ । संविधान संशोधनका पक्षधर दलहरू संविधान संशोधनका लागि आ-आफ\नो सूची पनि तयार पार्न थालेका थिए । नेपाली कांग्रेस र एमालेबीच भएको सत्ता समझदारीको प्रमुख बुँदाहरू मध्ये एउटा राजनीतिक दलहरूको निम्ति १० प्रतिशतभन्दा माथिको थ्रेसहोल्ड राख्ने विषय पनि निकै चर्चामा आएको थियो । उपरोक्त विषयले देशको राष्ट्रिय राजनीतिमा एक किसिमको तरंग नै ल्याइदिएको थियो । एक किसिमले देशलाई २ दलीय व्यवस्थामा लैजाने ठुला दलको सोच पनि भएको हुन सक्ने संभावनालाई खारेज गर्न सकिँदैन ।

थ्रेसहोल्डको विषयमा संविधानमा आवश्यक संशोधनको विषय अहिले चर्चामा छैन, तर राजनीतिक दलहरूमा विभाजन ल्याउनेसम्बन्धी एउटा अध्यादेश सरकारले ल्याउन खोजेको भनी चर्चाले देशका अधिकांश साना दलहरूमा ७ रेक्टरभन्दा माथिको भूकम्प ल्याइदिएको छ । २०७३ सालमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला पनि उनले यस्तै खाले विधायक ल्याउन खोजेका थिए । जसबाट त्रसित भएर उपेन्द्र यादव र महन्त ठाकुरको पार्टी रातारात एकीकृत भई जसपा नेपालको जन्म भएको थियो । केपी ओली प्रधानमन्त्री पदमा आसिन हुने बित्तिकै देशका राजनीतिक दलहरूमा पार्टी विभाजनको पराकम्पनले त्रसित बनाइरहेको हुन्छ । बहुदलीय लोकतन्त्रलाई कमजोर बनाउने उद्देश्यले राजनीतिक दलहरूको अस्तित्वलाई नै नामेट पार्ने सोच दुर्भाग्यपूर्ण हो ।

चर्चामा आएअनुसार नेकपा एमाले अध्यक्ष तथा देशका प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन खोजेका थिए । यो विधेयक पारित भएपछि नेकपा एमालेबाहेक देशका अन्य कुनै पनि दलमा विभाजन सहज ढंगले नै हुन सक्छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको समर्थन अथवा स्वीकृति नभएपछि यो अध्यादेशको औचित्य तत्कालका लागि सकिएको छ । संभवतः रास्वपाका अध्यक्ष रवि लामिछानेको गिरफ\तारीका कारण देशमा उत्पन्न राजनीतिक तनावको वातावरणमा तिनीहरूलाई आक्रोशित बनाउन खोज्नु भनेको आत्मघाती पाइला चाल्नु हो । हुन त नेपाली कांग्रेसका सभापति देउवा पनि यस अध्यादेशको विपक्षमा छैनन\, तर उनले वर्तमानको जटिल परिस्थितिमा यस विधेयकलाई ल्याउनु उचित ठानेनन् । संसद\ अधिवेशन नभएको बेला प्रधानमन्त्री ओली अध्यादेश ल्याएर नेकपा एकीकृत समाजवादी र अशोक राई नेतृत्वको जसपा लगायतका दलहरूमा विभाजन ल्याउने तयारीमा छन् ।

अध्यादेश आएपछि जसपाका नेता अशोक राई लगायतका एमाले र बामपन्थी पृष्ठभूमिका नेताहरूलाई नेकपा एमालेमा प्रवेश गर्न समस्या हुने छैन । चुनाव जित्नका लागि नेकपा एमालेको प्रत्यासी भएर चुनाव लड\नमा पनि उनीहरूलाई समस्या छैन । त्यसै गरी अध्यादेशको सर्वाधिक प्रहार भूतपूर्व प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीमाथि पर्नेछ किनभने समाजवादीका नेताहरू पनि एमालेकै पृष्ठभूमिका छन\ । विभाजित भएर चुनावमा जाँदा प्रदर्शन त्यति राम्रो हुन नसकेको कटु अनुभव पनि बोकेका छन् ।

अब कम्युनिस्ट पनि नेपालमा कम्युनिस्ट रहेनन् । कम्युनिस्टहरूको प्राथमिकतामा पनि पद, पैसा, सत्ता र आफ\नोसाखा-सन्तानहरूको निम्ति यथेष्ट सम्पति आर्जन गर्नु नै एक मात्र लक्ष्य रहेको छ । नेपाली कांग्रेस त स्वभाविक रूपमा नै पुँजीपतिहरूको पार्टी हो । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल जतिसुकै सिद्धान्त, नैतिकता, इमानदारीका पाठ र माक्स{-लेनिनको सिद्धान्त पढाए पनि त्यसको असर पार्टीको कार्यपंक्तिमा पर्न सकिरहेको छैन । पटकपटक यस पार्टीमा विभाजनको तरंग आउनुको मूल कारण यो पार्टी सत्तामा जान सक्दछ कि सक्दैन ? भन्ने चिन्ताका कारण नै हो ।

अब देशका अधिकांश राजनीतिक दलहरूमा व्यापारी र ठेकेदार प्रकृतिका अनुहारहरू प्रवेश गर्न थालेका छन् । तिनीहरूलाई तत्काल लाभ चाहिएको हुन्छ । यस्ता अनुहारहरू बढी लामो समयसम्म विपक्षमा बसेर बाँच्न सक्दैनन् । विगतका दिनमा राजनीतिक दलहरूलाई कार्यकर्तामाथि विश्वास हुन्थ्यो, पार्टीको नाम, नारा र सिद्धान्तमाथि विश्वास हुन्थ्यो तर २०६२-०६३ को परिवर्तनपछि आर्थिक स्रोत साधनमाथि विश्वास बढेको छ । पहिला पार्टी स्वस्थ हुन्थ्यो अहिले पार्टीहरू मोटाएका हुन्छन् । स्वस्थ मानिस दुब्ला-पातला रहे पनि दीर्घायु हुन्छन् । बोसोको कारण मोटा भएकाहरू रोगी हुन्छन् । अहिले अधिकांश राजनीतिक दलहरू पनि मोटाएका छन्, बोसोका कारण बलिया देखिन्छन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३३ (३) मा कुनै दलको केन्द्रीय समिति र संघीय संसद\को संसदीय दलका कम्तिमा ४० प्रतिशत सदस्यले बनाएको छुटै नयाँ दल निर्वाचन आयोगवाट मान्यता पाएको मितिबाट ५ वर्षसम्म विभाजन हुन नसक्ने व्यवस्था छ । केन्द्रीय समिति र संघीय संसद\का संसदीय दलका कम्तिमा ४० प्रतिशत सदस्यले नयाँ दल गठन गर्न सक्ने कानुनी व्यवस्थालाई २०७८ भदौ २ मा अध्यादेशमार्फत संशोधन गरिएको थियो ।

त्यतिबेला ल्याइएको अध्यादेशमा केन्द्रीय समिति र संसदीय दल मध्ये कुनै १ मा २० प्रतिशत सदस्यबाटै नयाँ दल खोल्न पाउने प्रावधान राखिएको थियो । अध्यादेश आएलगत्त} नेकपा एमालेबाट विभाजित भएर माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एस) दर्ता भएको थियो । जनता समाजवादी पार्टीमा विभाजन भएर महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी दर्ता भएको थियो । तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ल्याएको अध्यादेश संसद\मा पेस नभएपछि तत्कालीन राष्ट्रपतिले २०७८ असोज ११ मा त्यसलाई खारेज गर्नुभएको थियो । भनिन्छ, उपरोक्त २ दलमा विभाजन ल्याउनका लागि नै अध्यादेश ल्याइएको थियो र त्यसको औचित्य सकिएपछि त्यसलाई खारेज हुन लगाइयो ।

अध्यादेश खारेज भएपछि ऐनमा साविककै व्यवस्था राख्न पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले २०८० माघ १८ मा संसद\मा एउटा विधेयक दर्ता गरेको थियो । नेकपा एसको एउटा समूहलाई नेकपा एमालेमा प्रवेश गराउन ३ वर्षअघि देउवाद्वारा ल्याइएको अध्यादेशलाई नै पुनः ल्याउन तयारी प्रधानमन्त्री ओलीले गरेका थिए तर नेपाली कांग्रेसको समर्थन प्राप्त नभएपछि यस विषयले मूर्त रूप लिने संभावना देखिँदैन । नेपाली कांग्रेसका अधिकांश नेताहरू यस अध्यादेशको विपक्षमा छन् । बहुदलीय लोकतन्त्रमा राजनीतिक दलहरूलाई फूल्ने र फल्ने वातावरण बनाइनुपर्दछ, त्यसको घाँटी निमोठने होइन । २०५९-०६३ मा शाही शासनमा साना-साना दलहरूकै सहयोग र समर्थनबाट नेपाली कांग्रेसले लोकतान्त्रिक गणतन्त्रको आन्दोलन सफल पारेको थियो ।

# चाडबाडमा पनि व्यापारी बेखुसी, बजारमा झन्-झन् मन्दी



अनुषा थापा

"अहिले काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा घर खाली रहेको पाइन्छ । घरको झ्याल, ढोका वा भित्तामा घरधनीहरूले ' कोठा खाली', 'सटर भाडामा', 'टुलेट', 'फ्ल्याट खाली' लगायत लेखेर टाँसेको पाइन्छ । भाडा तिर्न नसकेपछि कतिपय व्यापारीले सटर छोडिरहेको पनि देखिन्छ । बजार झन् झन् मन्दीतर्फ मोडिएको छ । मानिसको चहलपहल ह्वात्तै घटेको छ । कोही गाउँ फर्किए त कोही विदेश पलायन भए । असोजमा दसैँ थियो । सो अवधिमा पनि ५३ हजारभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारीका लागि विभिन्न देश पुगेको सरकारी तथ्यांक नै छ

नेपालीहरूको दोस्रो ठुलो चाड तिहार आउन पनि केही दिन मात्र बाँकी छ । तिहार आए पनि व्यापारीहरू खुसी देखिएका छैनन् । अधिकांश व्यापारी भन्छन्, 'दसैंमा त व्यापार भएन । तिहारमा झन् के नै होला ।' दसैंमा आफ्नो गाउँघर गएका कतिपय अझै पनि फर्किएका छैनन् ।

सायद कतिपय त नफर्किन पनि सक्छन् । किनकी फर्किएर पनि कसरी जीविकोपार्जन धान्नु ? अहिले काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा घर खाली रहेको पाइन्छ । घरको झ्याल, ढोका वा भित्तामा घरधनीहरूले ' कोठा खाली', 'सटर भाडामा', 'टुलेट', 'फ्ल्याट खाली' लगायत लेखेर टाँसेको पाइन्छ । भाडा तिर्न नसकेपछि कतिपय व्यापारीले सटर छोडिरहेको पनि देखिन्छ । बजार झन् झन् मन्दीतर्फ मोडिएको छ । मानिसको चहलपहल ह्वात्तै घटेको छ । कोही गाउँ फर्किए त कोही विदेश पलायन भए । असोजमा दसैँ थियो । सो अवधिमा पनि ५३ हजारभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारीका लागि विभिन्न देश पुगेको सरकारी तथ्यांक नै छ । कात्तिक ६ गते सुनको मूल्य प्रतितोला १ लाख ६५ हजार ९०० पुग्यो ।

सुनको मूल्य बढेको बढ्यै छ, तर सुन पसलमा किन्ने कोही छैन । बेच्नेको मात्र भिड देखिन्छ । यता, व्यापारीहरू सुन किन्दैनन् । बरु १ तोला सुन राखेर ५० हजार ऋृण दिन्छन् । त्यो पनि मासिक ३६ प्रतिशत ब्याजदरमा । कर्जा तिर्न ३ महिनाको समय दिइन्छ । अनि सो अवधिभित्र कर्जा चुक्ता नगरे ५० हजारमा १ तोला सुन पचाउँछन् । यस्तै, कपडा पसल, ब्युटी पार्लर, होटल, रेस्टुरेन्टहरूमा पनि १ जना ग्राहक देखिदैँनन् । हार्डवेयरको व्यवसायमा पनि मन्दी आएको छ । फलाम, डन्डी, सिमेन्टको किनबेच ठप्प भएको छ ।

सार्वजनिक ठाउँहरूमा मिटरब्याजमा ऋृण लिने-दिनेहरू यत्तिकै भेटिन्छन् । चौतारा, पार्कमा बस्दा अधिकांशले मिटरब्याजमा ऋृण मागिरहेको सुनिन्छ । यसरी ऋृण दिँदा १ लाखकै मासिक ५ हजारदेखि ३० हजार ब्याज लिइन्छ । पहिल्यै ब्याज काटिन्छ । कर्जा तिर्न १ महिनादेखि ३ महिनाको समय दिएको हुन्छ । र, सो अवधिभित्र ऋृण फिर्ता नगरेमा गुन्डा लगाएर उठाइन्छ । यति गर्दा पनि नसके चेक बाउन्स मुद्दामा ऋृणीलाई जेल हालिन्छ ।

अहिले अधिकांश सहकारी, लघुवित्त, फाइनान्सको बोर्ड हटाइएको पाइन्छ । बोर्ड राख्दा आक्रोशित पीडित बचतकर्ताले तोडफोड वा आगलागी गर्न सक्ने डरले घरधनी आफैँले बोर्ड हटाएका हुन् । उनीहरूले बोर्ड फेरि राख्न दिएका छैनन् । सहकारी, लघुवित्त, फाइनान्स ठग, चोर हुन् भनेर अहिले सबैजसोले थाहा पाएका छन् । यी संस्था भागिसकेका छन् । त्यो पनि करोडौँ बचतकर्ताको खर्बौं रकम लिएर । यता, बैंक पनि टाट पल्टिने अवस्थामा पुगेको छ । बैंकमा समस्या देखिसक्यो । त्यसैले त बैंकहरू धमाधम आफ्ना शाखा कार्यालय बन्द गरिरहेका छन् । तर, यो कुरा बाहिरिन भने दिइएको छैन । केही वर्षयता घरजग्गा, गाडीमा व्यापक मन्दी छ ।

सेयरमा त जहिल्यै दलालीले चलखेल गरेर सर्वसाधारण डुबाउँदै आइरहेका छन् । अहिले मालपोत र यातायात कार्यालयमा सेवाग्राही नै भेटिँदैन । सेवाग्राहीको भिडले थेगिनसक्नु हुने यी कार्यालयमा अचेल चहलपहल नै छैन । घरजग्गा कारोबार गर्ने दलाली, बिचौलिया, लेखनदासहरूको उठीबास भएको छ ।

घरजग्गा कारोबारमा मन्दी आउनासाथ उनीहरूलाई जीविकोपार्जन गर्न कठिनाइ भएको छ । अधिकांश त चिया खानेसमेत पैसा नभएको बताउँछन् । गाडी र सेयरमा पनि उस्तै छ । गाडीको किनबेच ठप्प छ । सेयरमा भने दलालहरूको चलखेल कायमै छ ।

अहिले भाटभटेनी, सुपरमार्केट, बिग मार्टमा आमनागरिक जान छोडेका छन् । एकातिर यहाँको सामान महँगो अर्कोतिर गुणस्तरहीन, कम तौल, म्याद सकिएको । यसैले पनि यी ठाउँमा सर्वसाधारण जाँदैनन् । निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, फर्म, पसल वा घरायसी काम गर्नेहरूले मासिक ३ हजारदेखि १० हजार तलबमा काम गर्छन् । बिडम्वना, उनीहरूले यही तलब पनि वर्षौंदेखि पाएका छैनन् ।

यता, घरधनीहरू चोकचोकमा डेरामा बस्ने खोज्दै हिँडेको भेटिन्छ । उनीहरू चिनजान भएका पसलहरूलाई भन्छन्, 'कोही डेरामा बस्ने आएमा मेरो घरमा ल्याइदिनु ।' भाडामा बसिरहेकाले पनि भाडा नतिरेको गुनासो अधिकांश घरधनीहरू गर्छन् । डेराबहाल भने कि, हामीलाई भाडा तिरेको बिल देओ, कि वडा, नगरपालिकामा जाऔँ । नभए हामी भाडा तिर्दैनौँ भन्छन् ।

घरधनीहरूले आफूहरूलाई ठगेको र राज्यलाई राजस्व छलेको कुरा भाडामा बस्नेहरूले थाहा पाए । हुन त घरधनीहरूले डेराबहाललाई ठग्नु ठगेका छन् । एउटा अध्याँरो सानो कोठाको मासिक भाडा ५ हजारदेखि २० हजारसम्म असुलिन्छ । १ फ्ल्याटको ३५ हजारदेखि ३ लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म भाडा घरधनीहरूले उठाउँदै आएका छन् । खाली सटर त २० देखि ५०-६० लाखमा किनबेच गरिन्छ । घरधनीहरूले डेराबहालसँग यत्रो भाडा उठाए पनि वडा कार्यालयमा भने आफ्नो घर महिनौँदेखि खाली रहेको, सित्तैमा आफन्त बसिरहेको वा सस्तो भाडामा लगाएको भनेर कर छल्दै आएका छन् ।

यद्यपि, यो कुरा डेराबहालले थाहा पाउनासाथ उनीहरू घरधनीविरुद्ध उभिएका हुन् । अर्को कुरा चर्को भाडा लिए पनि डेराबहाललाई सेवासुविधा भने केही नदिने । पानी न कपडा सुकाउने ठाउँ । पानी नदिए पनि पैसा भने दोब्बर लिने । बिजुली, फोहोर, इन्टरनेटको पनि जथाभावी पैसा असुल्ने । घरधनीहरूको अत्याचारविरुद्ध डेराबहालहरू खरो रूपमा उत्रिन लागेका छन् । बजारमा अधिकांश भन्छन्, 'घरधनीलाई भाडा नतिरौँ । तिर्नै परे वडा, नगरपालिकामा जाऔँ ।' अब सरकारले पनि कोठा, सटर र फ्ल्याटको भाडा निर्धारण गरिदिनु पऱ्यो । सँगै भाडामा बस्नेले पाउने सेवासुविधा पनि तोकिदिनुपऱ्यो ।

अहिले घरधनीहरूले भूकम्पले चर्काएका वा भत्किन लागेका घर पनि चर्को मूल्यमा भाडामा लगाएका छन् । त्यसैले, अब सरकारले यो रोकिदिनुपऱ्यो । घरको वर्गीकरण गर्नुपऱ्यो । साथै, चर्किएका वा भत्किन लागेका घर भाडामा लगाउन रोक लगाउनुपऱ्यो । डेराबहालहरू घरधनीले मागेजति पैसा तिरेर भाडामा बसेका हुन् । अनि घरधनीहरू भने जस्तो पनि घर भाडामा लगाएर उनीहरूको जीवनमाथि खेल गरिरहेका छन् ।

अब सरकारले चर्किएका, भत्किन लागेका घरहरू भाडामा लगाउने घरधनीहरूलाई कारबाही गर्नुपर्छ । कानुनमा पैसा लिएपछि बिल अनिवार्य रूपमा दिनुपर्ने व्यवस्था छ । तर, घरधनीहरू डेराबहालसँग चर्को भाडा उठाउँछन्, बिल नै दिँदैनन् । अनि राज्यलाई तिर्नुपर्ने १० प्रतिशत घरबहाल कर पनि तिर्दैनन् । पछिल्लो समय घरधनीहरूको निद्रा र भोक नै हराएको छ । एकातिर घर खाली हुदैँ गएको छ भने अर्कोतिर बसिरहेका डेराबहालले पनि भाडा तिर्दैनन् । अधिकांश घरधनीहरूले घर भाडामा लगाएर आएकै पैसाले जीविकोपार्जन गर्दै आएका छन् । तर, घर खाली भएपछि वा डेराबहालले भाडा नै नतिरेपछि के गर्ने ?

पैसा नदिई पसलेले सामान दिँदैन । अनि पैसा घरधनीसँग छैन । फेरि इँटा, ढुंगा, बालुवा, सिमेन्ट त खान पनि मिल्दैन । यति मात्र नभई घर बैंकको नाममा छ । बैंकको साँवा व्याज तिर्नसमेत पैसा छैन । घर बेचेर ऋृण तिर्न बिक्री हुँदैन । ४ वर्षअघि ३ करोडमा बिक्री हुने घर अहिले त्यसको आधा मूल्यमा समेत बिक्दैन । जसका कारण घरधनीहरू तनावमा छन् । उता, घरधनीले किस्ता तिर्न नसक्दा यसको असर बैंकमा पनि परेको छ । बैंकको लगानी घरजग्गा, गाडी र सेयरमा छ भनेर सबैलाई थाहा छ । फेरि यही क्षेत्रमा मन्दी छ । यसैले, सहकारीजस्तै अब बैंक पनि छिट्टै डुब्ने देखिएको छ । सरकार अझै पनि अर्थतन्त्र र बैंक ठिकठाक छ भनेर ढाँटिरहन्छ कि सत्य कुरा बताएर सर्वसाधारणलाई डुब्नबाट जोगाउँछ ? अब यो हेर्न बाँकी छ ।

# वीरगन्जबाट पेट्रोलियम पदार्थको आयात २५ प्रतिशतले घट्यो



■ सौर्य समाचार

वीरगन्ज । मुलुकको निर्माण क्षेत्रको गतिविधि सुस्ताउँदा वीरगन्ज भन्सार नाका हुँदै हुने पेट्रोलियम पदार्थको आयातमा पनि उच्च गिरावट आएको छ । यहाँबाट डिजेल तथा पेट्रोलको आयात २५ प्रतिशतले घटेको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ ।

मुलुकभर रहेका नाकामध्ये सबैभन्दा धेरै डिजेल तथा पेट्रोल भित्रिने नाकाको रूपमा वीरगन्ज चिनिन्छ । यहाँबाट चालु आर्थिक वर्षको ३ महिनाको अवधिमा १२ अर्ब ६६ लाख ८० हजार बराबरको १ लाख ३५ हजार ५१८ किलोलिटर हाइस्पिड डिजेल आयात भएको छ ।

भन्सार कार्यालयका प्रमुख प्रशासक दीपक लामिछानेका अनुसार गत आवको ३ महिनाको तुलनामा चालु आवको सोही अवधिमा हाइस्पिड डिजेलको आयात २५ दशमलव ३३ प्रतिशतले घटेको छ । डिजेल आयात घटेसँगै राजस्व संकलन पनि २७ दशमलव ४३ प्रतिशतले घटेको छ ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत हाइस्पिड डिजेल पाइप लाइनबाट आयात हुने गरेको छ भने पेट्रोल ट्यांकरबाट नै ल्याउने गरिन्छ । अमलेखगञ्जस्थित नेपाल आयल निगम प्रादेशिक कार्यालयका प्रमुख प्रलयंकर आचार्यका अनुसार पूर्वाधार तथा विकास निर्माणका गतिविधि कम हुँदा पेट्रोलियम पदार्थको खपत घटेको हो । पूर्वाधार तथा विकास निर्माणका गतिविधि बढ्ने बित्तिकै आयात बढ्ने उनको बुझाइ छ । विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको आकर्षण बढेसँगै पेट्रोलियम पदार्थको खपत पनि घटेको छ ।

नेपाल निर्माण व्यवसायी महासंघका महासचिव रोशन दाहालले वर्षायाम र सरकारी निकायले निर्माण सम्पन्न भएका आयोजनाको भुक्तानी नदिँदा निर्माणक्षेत्रले अपेक्षाकृत गति लिन नसकेको गुनासो गरे । हाल निर्माणजन्य सामग्री र उपकरणको आयात घटेको छ । मनसुन र चाडपर्व सकिएपछि विकास निर्माणका गतिविधि चलायमान हुने उनको विश्वास छ ।

चालु आवको ३ महिनामा पेट्रोल आयात पनि घटेको छ । चालु आवको असोज मसान्तसम्ममा ६ अर्ब ५८ करोड ४६ लाख ८३ हजार बराबरको ७४ हजार ७१२ किलोलिटर पेट्रोल आयात भएको छ । अघिल्लो आवको सोही अवधिमा पेट्रोलको आयात २२ दशमलव ५२ प्रतिशतले घटेको थियो ।

# काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै



■ सौर्य समाचार

चन्द्रपुर । केही वर्षयता रौतहटका वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । छिटोछरितो हुने भएकाले काठ तस्करहरूले भारतीय नम्बरका साना सवारीसाधनको प्रयोग गर्दै आएको पाइएको छ ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्यांकअनुसार गत असोजमा मात्रै २ वटा पिकअप भ्यान र १ थान ट्र्याक्टर बरामद गरेको छ । कार्यालयका सूचना अधिकारी महालक्ष्मी शर्माले गत असोज ७ गते ३ जनासहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो ।

गत असोज ८ गते ना ४ च ८७९४ नं को टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित २ जनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जानकारी दिइन् । उनका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २–०३–००१ त २०८० नं को ट्र्याक्टरसहित ३ जनालाई पक्राउ गरिएको छ ।

गत आर्थिक वर्षमा विभिन्न मितिमा ५ थान पिकअप भ्यान र ५ थान ट्र्याक्टर काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । साथै मोटरसाइकल, साइकल, टायगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेका सूचना अधिकारी शर्माले जानकारी दिइन् ।

गत आवमा काठ चोरी गर्ने ४९ जनामाथि मुद्दा चलाइएको जनाउँदै उनले १ हजार १९४.५८ क्युफिट काठ बरामद गरिएको उल्लेख गरिन् । आव २०७९/०८० मा ९५ वटा सवारीसाधनसहित २ हजार ५०० बढी क्युफिट काठ बरामद गरेको थियो । सो अवधिमा काठ ढुवानी गर्न प्रयोग भएका पिकअप भ्यान ८, ट्र्याक्टर ३, ट्रक, मिनिट्रक र स्कारपियो १-१, साइकल ६५, मोटरसाइकल ५ र रिक्सा ९५ वटा बरामद गरिएको थियो । ती तस्करीमा संलग्न ५० जना तस्करलाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो । संघीय र प्रदेशको कानुन बाझिँदा बरामद गरिएका सवारीसाधन र काठ लिलाम नहुँदा ती सवारीसाधन र काठ कुहिने अवस्थामा पुगेका डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त साहले बताए ।

'विगत १२ वर्षदेखि ती काठ र सवारीसाधनको लिलाम हुनसकेको छैन भने हालसम्म कुनै पनि मुद्दाको किनारा लाग्न सकेको छैन', उनले भने ।

कानुनी स्पष्टता नहुँदा कुनै पनि मुद्दाको फैसला नभएको भन्दै काठ र सवारीसाधनको लिलाम हुन नसकेको प्रमुख साहले बताए । यो समस्या देशव्यापी रूपमा रहेको उल्लेख गर्दै उनले समस्या समाधान गर्न संघीय सरकारसँग समन्वय भइरहेको जानकारी दिए । बरामद काठ र सवारीसाधनको लिलाम नहुँदा राजस्व संकलनमा कमी आएकाले तत्काल समाधानको पहल थाल्नुपर्ने उनको भनाइ छ ।


## रतुवामाई नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**सिजुवा, मोरङ**
**कोशी प्रदेश**

## भरोट बालुवा संकलन तथा विक्री सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०६)**
**(दोश्रो पटक प्रकाशित मितिः २०८१/०७/०८)**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०६४ मा व्यवस्था भए वमोजिम यस चालु आ.व २०८१/०८२ का लागि यस नगरपालिका क्षेत्रभित्रका तपशिलका ठेक्काहरू बन्दोवस्त गर्नुपर्ने भएको हुनाले तपशिलको शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र रितपूर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिनुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क.सं | विवरण | ठेक्का नं | ठेक्का अवधि | न्युनतम बार्षिक अंक (मु अ कर बाहेक) | फारम खरिद दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | मिति र समय | स्थान |
| १ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई १० अवस्थित रतुवा खोलाको सातमेडी घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०१/२०८१/०८२ | १ (एक) बर्ष | १,८६,४६१।६२ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| २ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ८ अवस्थित रतुवा खोलाको झुनाबारी घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०२/२०८१/०८२ | १ (एक) बर्ष | १४५३८३।५६ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ३ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ८ अवस्थित रतुवा खोलाको भुल्काडुब्बा घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०३/२०८१/०८२ | १ (एक) बर्ष | ५९०४६.१८ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ५ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ७ अवस्थित रतुवा खोलाको डाँगीटोल घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०५/२०८१/०८२ | १ (एक) बर्ष | ८४७५५।२८ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ५ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई १० अवस्थित सोमबारे पश्चिम बक्राहा खोलाको घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०७/२०८१/०८२ | १ (एक) बर्ष | १२८१४९।९९ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ६ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ९ अवस्थित लक्ष्मी चोक पश्चिम बक्राहा खोलाको सुतिहा टोल घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०८/२०८१/०८२ | १ (एक) बर्ष | ९५७१६।९७ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ७ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ९ अवस्थित सुरेन्द्र कुथुमीको घर पश्चिम बक्राहा खोला घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/०९/२०८१/०८२ | १ (एक) बर्ष | ५८१४२।१३ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ८ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ९ अवस्थित ईटहरा पश्चिम बक्राहा खोला मुक्तिघाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१०/२०८१/०८२ | १ (एक) बर्ष | १०७१३०।६७ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ९ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ५ अवस्थित बक्राहा खोला मल्दैयाटोल घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/११/२०८१/०८२ | १ (एक) बर्ष | १०१३६७।३२ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| १० | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ४ अवस्थित बक्राहा खोला काठगडा घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१२/२०८१/०८२ | १ (एक) बर्ष | ४०९६५।०६ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| ११ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ५ अवस्थित बक्राहा खोला रतिलाल टोल पश्चिम घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१३/२०८१/०८२ | १ (एक) बर्ष | २८२५५८।७२ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| १२ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ५ अवस्थित बक्राहा खोला सुनवार्षि पुल उत्तर खोला पारीको घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१४/२०८१/०८२ | १ (एक) बर्ष | ५६५११।७६ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| १३ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई ५ अवस्थित बक्राहा खोला लेटी सुकुम्बासी बस्ति पश्चिम घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१५/२०८१/०८२ | १ (एक) बर्ष | १८६४८८।७६ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |
| १४ | रतुवामाई नगरपालिकामा प्रारम्भिक वातावरणीय परिक्षण भएको रतुवामाई १ अवस्थित बक्राहा खोला नारायणडाँडा घाटबाट संकलन गरि विक्री वितरण हुने भरोटको संकलन तथा विक्री कर असुली | रतुवामाई रा/१६/२०८१/०८२ | १ (एक) बर्ष | ५६५११।७६ | १,०००।०० | २०८१/०७/२६ गते कार्यालय समय भित्र | २०८१/०७/२७ गते दिनको १२:०० बजे | २०८१/०७/२७ गते दिनको १:०० बजे | रतुवामाई नगरपालिकाको कार्यालय |

नोट : दरभाउपत्र सम्बन्धि बिस्तृत विवरणका लागि यस कार्यालयको वेबसाइट : https://ratuwamaimun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘बेहुली फ्रम मेघौली’ ओटिटीमा




**सौर्य समाचार**

काठमाडौं । स्वस्तिमा खड्का र निश्चल बस्नेतको फिल्म ‘बेहुली फ्रम मेघौली’ बुधबार ओटिटी प्लेटफर्ममा रिलिज भएको छ । हलमा दर्शकको साथ पाइरहेको अवस्थामा निर्माता-निर्देशक बस्नेतले हलबाट फिल्मलाई उतारेका थिए । त्यसको २ दिनपछि नै ‘एमएसएम भिडिओ’ एपमा फिल्म रिलिज भएको हो ।

‘एमएसएम भिडिओ’ एप हालसालै सञ्चालनमा आएको हो । छोटो समयमै एपलाई ८० हजार बढीले डाउनलोड गरिसकेको जनाइएको छ । यस एपमा दर्शकले तोकिएको शुल्क तिरेर उपलब्ध फिल्म छनोट गरेर हेर्न सक्नेछन् । बस्नेतका अनसार यो फिल्म युट्युबमा भने नआउने भएको छ । आफ्नो अघिल्लो फिल्म ‘दिमाग खराब’ लाई पनि युट्युबमा रिलिज नगरिने निश्चल बताउँछन् ।

फिल्म युट्युबमा रिलिज गरेपछि ओटिटी प्लेटफर्म फस्टाउँदैन भन्ने निश्चलको भनाई छ । फिल्ममा निश्चल र स्वस्तिमासहित बसुन्धरा भुसाल, विजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु विष्ट, आमिर गौतम, टीका पहारी लगायतको अभिनय छ । फिल्ममा सजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन रहेको छ ।

# मुस्ताङमा पर्वतीय कला महोत्सव

**सौर्य समाचार**

काठमाडौं । प्रकृति, संस्कृति र सिर्जनशीलताको उत्सव मनाउने उद्देश्यका साथ हिमाली जिल्ला मुस्ताङमा अन्तर्राष्ट्रिय पर्वतीय कला महोत्सव भइरहेको छ । शुक्रबार सुरु भएको महोत्सव बिहीबार हुने भएको छ । मुस्ताङ यहाँको पारम्परिक संगीत, नृत्य, विभिन्न सांस्कृतिक परम्पराका लागि प्रख्यात छ । सोही कलालाई चित्रकारहरूमा बाँड्ने उद्देश्यले महोत्सव आयोजना गरिएको आयोजक समितिका ट्रिपलपी गुरुङले बताए ।

महोत्सवमा मुस्ताङका मार्फा, थिनी, कागबेनी र जोमसोम लगायतका स्थानमा यी कार्यक्रमहरू गरिनेछ । महोत्सवमा आउटडोर चित्रकला कार्यशालासँगै फोसिलहन्ट एन्डस्टोन आर्ट, साउन्ड हिलिङलगायत विभिन्न सांस्कृतिक र सांगीतिक कार्यक्रम गरिनेछ । महोत्सवको अर्को आकर्षण ‘ट्राभलिङकिम्फ’ रहेको छ । २० देखि २४ अक्टोबरसम्म हरेक साँझ २ घण्टा हिमाली क्षेत्रका नामी चलचित्रहरू देखाइने यो कार्यक्रमलाई काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ)ले संयोजन गर्नेछ । महोत्सवमा अन्तर ाष्ट्रिय चित्रकारहरू थाइल्यान्डबाट डिरेककिङ्नकरकाराज डब्लु एसपी, पोल्यान्डबाट इवा क्रुएजकोस्का, रोमानियाबाट स्टेफन बालोग, भुटानबाट जाम पेलछेदा, इन्डोनेसियाबाट एमी गोरताइवानबाट छेडहान वेनलगायतले सहभागिता जनाउने भएका छन् । यस्तै नेपालका चित्रका र सिर्जन राजभण्डारी, एरिना ताम्राकार, हरेराम जोजु, एनबी गुरुङ, वाङ लामा, ध्वज गुरुङ, मनोज तामाङ, नविन नाल्बो र आकाश गुरुङले पनि आफ्नो प्रतिभा बाँड्नेछन् ।

# ‘राजागंज’ को प्रदर्शन चैतमा

**सौर्य सामाचार**

काठमाडौं । दीपक रौनियार निर्देशित फिल्म ‘राजागंज’ को प्रदर्शन मिति तोकिएको छ । विभिन्न अन्तर्राष्ट्रिय महोत्सव पुगिसकेको यो फिल्म नेपालमा १ चैतमा रिलिज हुनेछ । निर्माणटिमले एक विज्ञप्ति निकाल्दै रिलिज मितिबारे जानकारी दिएको हो । टी फोक्स फिल्म्स र ब्यांकतेश इन्टरटेनमेन्टले संयुक्त रूपमा नेपालमा वितरण गर्नेछन् । नेपालमा राजागंज शीर्षकमा प्रदर्शन हुने यो फिल्म विदेशमा ‘पूजा, सर’ को नामले प्रिमियर भएको थियो । ‘जारी’ र ‘कबड्डी’का सिरिजजस्ता ब्लकबस्टर निर्माता रामबाबु गुरुङ, अभिनेता दयाहाङ राई र भारतीय निर्देशक अनुराग कश्यप यस फिल्मका निर्माता हुन् ।

अभिनेता दयाहाङ राईले यो फिल्म सहासी महिलाहरूको कथा भएको बताए । उनले भने, ‘ दीपक र मैले छैटौंपटक सहकार्य गरेका छौं । यो फिल्म आर्ट र कर्मसको उत्कृष्ट संगम हो । यसको मेकिङ, टेक्निकल लेयर्स र प्रस्तुति उच्चस्तरको छ ।’

यस फिल्ममा दयाहाङसहित आशा मगराती, निकिता चाण्डक, ऋचा शर्मा, विजय बराल लगायतको अभिनय छ ।

भेनिस फिल्म फेस्टिभलमा प्रिमियर भएको यो फिल्म यो फिल्म हालै बुसान फेस्टिभल र भारतको मुम्बई फिल्म फेस्टिभलमा समेत स्क्रिनिङ भएको थियो । साथै फ्रान्स, जर्मनी, स्विट्जरल्यान्ड र बेलायतजस्ता देशहरूका लागि वितरण अधिकार प्रतिष्ठित कम्पनीहरूले किनिसकेको छ । त्यस्तै, अमेरिकी कम्पनी पेनी ब्ल्याक मिडियाले यस फिल्मको अन्तर्राष्ट्रिय एयरलाइन्स प्रदर्शन अधिकार पनि किनेको छ । यो फिल्म चाँडै अन्तर्राष्ट्रिय एयरलाइन्समा समेत प्रदर्शनमा आउनेछ ।

# दीपक र सन्तोषको बढेको विवाद

**सौर्य समाचार**

काठमाडौं । २४ असोजबाट प्रदर्शनमा भएका फिल्म ‘छक्का पञ्जा-५’ र ‘१२ गाउँ’ ले आक्रामक व्यापार गरिरहेका छन् । रिलिजअगावै शीतयुद्ध सुरु भएको दुवै फिल्मबीच बक्सअफिसमा भिडन्त भइरहेको छ । रिलिजअघिबाटै ‘छक्का पञ्जा-५’ का प्रचार सामग्रीमा निकै नकारात्मक प्रतिक्रिया आएका थिए । साथै हरेक प्रचारमा ‘१२ गाउँ’ लेखेपछि दीपकराज गिरीले केही साइबर सेना लागेको आरोप लगाएका थिए । यसपछि अभिनेता विराज भट्टले साइबर सेना भन्नेहरूलाई हलमै आएर फिल्म हेर्न चुनौती दिए ।

यसैबीच, साइबर सेनाको विवाद पुनः ब्युँतिएको छ । हालै ‘द प्रकाश सुवेदी सो’ मा पुगेका अभिनेता दीपकको अभिव्यक्तिले फेरि विवाद सुरु भएको हो । प्रकाशले निर्माता सन्तोष सेनको तस्बिर देखाउँदै कुन रूपमा चिन्नुहुन्छ ? सेक्सनमा दीपकलाई सोधेका थिए । जवाफमा उनले सेनलाई साहसी निर्माता बताउँदै सेनको प्रचार शैली राम्रो रहेको बताए ।

‘अहिले त उहाँलाई कमान्डर पनि भन्दा रहेछन् नि, हो ?’ उनको कमान्डर भन्ने शब्द साइबर सेनालक्षित थियो ।

दीपकले पनि घुमाउरो पारामा सन्तोष साइबर सेनाको योजनाकार रहेको जवाफ दिए । ‘उहाँ कमान्डर हो भन्ने कुरा मैले पनि सुनेको छु । ठीक छ, कमान्डिङ राम्रो छ । त्यो सकारात्मक कमान्डिङ रहोस् ।’ दीपकले साइबर सेनाको कमान्डरको संज्ञा दिएपछि निर्माता सन्तोष सेन आक्रोशित बनेका छन् । उनले बुधबार फेसबुकमा २५ मिनेट लामो भिडिओ राख्दै आफूलाई विनाप्रमाण लाञ्छना लगाएको बताएका छन् ।

‘१२ गाउँ’ हेर्न हलमा आएका दर्शकलाई साइबर सेना र साइबर स्याल भनेर अपराधी करार गरिएको उनको भनाइ छ । साथै कसैले २० करोड कमाउँदैमा उद्योग नधानिने समेत दीपकलक्षित कटाक्ष गरे ।

सेनको आगामी फिल्म ‘बलिदान’ मा समीर भट्ट मुख्य भूमिकामा देखिँदैछन् । समीर आफ्नो फिल्मको हिरो भएकाले पनि बढी सहयोग गरेको सेनले स्वीकारे । समीर विश्वसम्म चिनाउने एक मात्र कलाकार रहेको उनको ठहर छ । समीरको उदयलाई लिएर फिल्म क्षेत्रका व्यक्तिहरू खुसी नरहेको उनको आरोप छ ।


**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**वीरेन्द्रनगर, सुर्खेत**

## सिलबन्दी दरभाउपत्र तथा बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०७/०८**

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, सुर्खेतबाट प्रकाशित सिलबन्दी दरभाउ पत्र तथा बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको म्याद भित्र रीतपूर्वक दर्ता भई मुल्याँकन हुँदा तपसिलमा उल्लेखित प्रस्तावहरु न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र सं | ठेक्का न | खरिद विवरण | स्वीकृत भएको दरभाउपत्रदाताको नाम ठेगाना | कूल कबोल रकम (मू.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PHLMC/KP/S/NCB-01/081-82 | The Procurement of Transportation and Carrier Services | Deuti Bajai Construction And Suppliers Pvt.Ltd, Kathmandu | रु.48,26,000/- | |
| २ | PHLMC/KP/G/SQ-01/081-82 | Procurement of IMNCI Medicines | Chunchun Pharmacy, Pokhara | रु.10,85,930/- | |
| ३ | PHLMC/KP/G/SQ-02/081-82 | Procurement of IMNCI Commodities | Chunchun Pharmacy, Pokhara | रु.8,12,800 | |

निर्देशक



**Gauradaha Municipality**
**Office of Municipal Executive,**
**Koshi Province, Jhapa, Nepal**

## Invitation for Sealed Quotation

**First Date of Publication :-2081-06-18 B.S. (2024-October-04 A.D)**
**Second Date of Publication :-2081-07-08 B.S. (2024-October-24 A.D)**

1. The Gauradaha Municipality, Office of the Municipal Executive, Gauradaha Jhapa, Nepal invites following electronic sealed quotations from registered Suppliers for the:-

| Sealed Quotation contract no: | Descriptions of Goods | Minimum Bid security amount | Bid document Fee |
|---|---|---|---|
| GMO/SQ/G/01/081-082 | Supply of Essential Medicines | Nrs. 40,000 | NRs.1000 |
| GMO/SQ/G/02/081-082 | Supply of Essential chemical(Agape) | Nrs. 45,000 | NRs.1000 |
| GMO/SQ/G/03/081-082 | Supply of Essential chemical (Snibe) | Nrs. 37,000 | NRs.1000 |

2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Gauradaha Jhapa Gauradaha, 023509800,gauradahamun@gmail.com.OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder shall submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP
i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of non refundable fee as mentioned above **till 2024-November -11 AD; 12:00 during office hours** in the following account
i. Name of the Bank : NIC Asia Bank Ltd ii. Name of Office :Gauradaha Municipality, Office of Municipal Executive
iii. Office Code no : iv. Office Account No : 0872050028408002
v. Rajaswa (revenue) Shirshak No : **GAURADAHA MUNICIPALITY(Antarik Rajaswa Khata)**
4. Sealed bids must be submitted to the office of Gauradaha Municipality, Office of Municipal Executive, Province No.1, Nepal Gauradaha Jhapa through e-GP system i.e www.bopatra.gov.np/egp on or before 2024-October-20 A.D,12:00 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2024-November-11 A.D. 14:00** at the office of Gauradaha Municipality, Office of Municipal Executive, Gauradaha, Jhapa Koshi Province Nepal. Bids must be valid for a period of **45 days after bid opening** and must be accompanied by a bid security amounting to a minimum of above mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **[87CA750361152401]** at **[NIC Asia Bank Ltd.,GAURADAHA,JHAPA]** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative officer**



**Dharan Sub-Metropolitan City**
**Office Of The Municipal Executive**
**Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Project Phase-II**
**Dharan, Sunsari**

## Request for Expression of Interest (EoI)

**for Short-listing of Training Providers (TPs)**
**Date of First Publication: 2081-07-08 (24 October 2024)**
**Financing Agency: Swiss Agency for Development and Cooperation (SDC)**

1. Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE)-II is a bilateral initiative of the Government of Nepal (GoN) and the Government of Switzerland implemented by 3 tiers of government at Federal, Provincial and Local level with technical assistance from Helvetas Nepal. The overall goal of the project is to contribute for improved living standard of Nepalese workers particularly from disadvantaged groups to benefit from continuous employment.
2. Dharan Sub-Metropolitan City now invites Expression of Interest (EOI) from interested eligible Consultant or TPs to conduct the 1696 hrs training with OJT as below in FY 2081/082.

| SN | Name of Occupation | Target | Package No. |
|---|---|---|---|
| 1 | Professional Light Vehicle Mechanics | 20 | 01/DHARAN/CONS/EOI/081/82 |
| 2 | Professional Cook | 20 | 02/DHARAN/CONS/EOI/081/82 |

3. The training should be based on the minimum standards outlined in the CTEVT approved curriculum and National Occupational Skill Standards (NOSS) of the National Skills Testing Board (NSTB).
4. Interested eligible Consultant or TPs may obtain EOI document and further information from e-GP system www.bolpatra.gov.np/egp.
5. The training events must be conducted in the venue/s having adequate training facilities for the proposed occupation/s. Conducting trainings in temporary (Mobile based) settings are not allowed and it should be conducted in the suitable location of Dharan Submetropolitan City.
6. Documents of the experience and other evidence copies of certificates shall be duly notarized.
7. Dharan Submetropolitan City reserves the right to shortlist or not shortlist any or all the applicant (s) without assigning any reason whatsoever.

सौर्य दैनिक आर्थिक



*बुधबार नेप्से २० दशमलव ४१ अंकले घटेर २ हजार ६४५ दशमलव ३९ विन्दुमा पुगेको छ, भने ६ अर्ब २७ करोड ८९ लाख रुपैयाँको कारोबार भएको छ*

*उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रस्तावित दोधारा चाँदनी सुख्खा बन्दरगाहको निमार्णको काम अबको केही महिनाभित्रै सुरु गरिने बताएका छन्*



### चालु आर्थिक वर्षको ३ महिनामा

# आयात–निर्यात घट्दा व्यापार घाटा पनि घट्यो




**सौर्य समाचार**

काठमाडौं । चालु आर्थिक वर्ष २०८१/०८२ को ३ महिनामा आयात/निर्यातसँगै व्यापार घाटा पनि घटेको छ । चालु आवको ३ महिना (साउन, भदौ र असोज) मा आयात ४ दशमलव १७ प्रतिशतले घट्दा निर्यात ६ दशमलव ११ प्रतिशतले घटेको हो । यसैगरी, व्यापार घाटा ३ दशमलव ९६ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ । विभागका अनुसार चालु आवको यो ३ महिनामा ३ खर्ब ९० अर्ब ७५ करोड २३ लाख रुपैयाँ बढीको वस्तु तथा सेवा आयात भएको छ ।

यस्तो आयात गत आवको सोही अवधिमा ४ खर्ब ७ अर्ब ७५ करोड ८९ लाख रुपैयाँ रहेको थियो । यसैगरी, यो अवधिमा ३८ अर्ब ३७ करोड ८७ लाख रुपैयाँको वस्तु तथा सेवा निर्यात भएको छ। गत आवको सोही अवधिमा यस्तो निर्यात ४० अर्ब ८७ करोड ४८ लाख रुपैयाँ थियो । समग्रहमा यो ३ महिनामा नेपाल ३ खर्ब ५२ अर्ब ३७ करोड ३६ लाख रुपैयाँ व्यापार घाटामा छ । गत आवको सोही अवधिमा यस्तो घाटा ३ खर्ब ६६ अर्ब ८८ करोड ४० लाख रुपैयाँ थियो ।

यो अवधिमा नेपालले सबैभन्दा धेरै भारतसँग व्यापार गरेको छ । भारतबाट २ खर्ब ४० खर्ब ९२ करोड ५९ लाख रुपैयाँको वस्तु तथा सेवा आयात गर्दा ३८ अर्ब ३७ करोड ८७ लाख रुपैयाँको निर्यात गरेको छ। भारतसँग मात्रै ३ खर्ब ५२ अर्ब ३७ करोड ३६ लाख रुपैयाँ व्यापार घाटा लागेको छ ।

यसैगरी, चीनबाट ७८ अर्ब ६३ करोड ७२ लाख रुपैयाँको आयात गर्दा ५५ करोड ५ लाख रुपैयाँको निर्यात गरेको छ। चीनसँग ७८ अर्ब ८ करोड व्यापार घाटा छ । यसैगरी युक्रेनसँग साढे ६ अर्बले व्यापार घाटामा रहेको छ ।

युक्रेनबाट नेपालले ६ अर्ब ५१ करोड रुपैयाँ बराबरको वस्तु आयात गरेको छ, भने ३५ लाख २० हजार रुपैयाँको मात्रै निर्यात गरेको छ ।

### ऊर्जामन्त्रीले सुनाए १०० दिनका उपलब्धि

# ऊर्जा विकासका लागि नयाँ मार्गचित्र तयार

**सौर्य समाचार**

काठमाडौं । ऊर्जा क्षेत्रको विकासका लागि 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८१' तयार गरी स्वीकृतका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालयको नेतृत्वसम्हालेको १०० दिनको अवसरमा बुधबार पत्रकार सम्मेलनमार्फत् सो जानकारी दिएका हुन् । उनले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने ऊर्जा उत्पादनका आन्तरिक स्रोतको अधिकतम विकास गर्न, राज्यको आन्तरिक विद्युत् खपत वृद्धि गर्न, अन्तरदेशीय विद्युत् व्यापारका लागि सम्भाव्य प्रतिफल प्राप्त गर्न तथा राज्यको ऊर्जा क्षेत्रको योजनावद्ध विकासका लागि उक्त कार्ययोजना तयार गरी मन्त्रिपरिषद्मा पेस गरिएको बताए ।

ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले उक्त लक्ष्य पूरा गर्न ४६ खर्बभन्दा बढी लागत लाग्ने बताए । उनले आफूले ऊर्जा मन्त्रालय सम्हालेको १०० दिनको अवधिमा देशभर परेको वर्षाका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा ठूलो क्षति पुगेपनि वर्तमान सरकारको १०० दिनमा लक्षित क्रियाकलाप र अतिरिक्त क्रियाकलापतर्फ ९८ प्रतिशत लक्ष्य हासिल गरिएको उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले १०० दिनको अवधिमा जल तथा मौसम विज्ञान नीति-२०८१ नेपाल सरकारबाट स्वीकृति भई कार्यान्वयनमा ल्याएको, जलस्रोत तथा सिँचाइ क्षेत्रमा अध्ययन अनुसन्धान कार्यका लागि मापदण्ड तयार गरी स्वीकृति गरिएको तथा निर्माण कार्यको मापदण्ड तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेस गरिएको बताउने । वर्तमान सरकारको १०० दिनको अवधिमा गत असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड एनटिपिसी विद्युत् व्यापार निगम भारतबीच नेपालबाट बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्नेसम्बन्धी त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएको मन्त्री खड्काले बताए ।

यस्तै, सोही अवधिमा सुख्खा यामको विद्युत् मागलाई मध्यनजर गरी भारतसँग २३० मेगावाट विद्युत् आयतका लागि सम्झौतासमेत गरिसकिएको छ । यसैगरी, २२०/१३२/३३ केभी चिलिमे हब जिआइएस सबस्टेसन र २२०/१३२/३३ केभी त्रिशूली हब हाइब्रिड जिआइएस सबस्टेसन गरी २ सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुका साथै मध्यभोटेकोसी जलविद्युत् आयोजनाबाट बाह्रबिसे सबस्टेसन सम्मको ४ किलोमिटर २२० केभी सिंगल सर्किट प्रसारण लाइएन निर्माण सम्पन्न भएको बताए ।

ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन र ढल्केबर-लोहरपट्टी १३२ केभी प्रसारण लाइन एवं १३२/३३/११ केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको, थप २३४ दशमलव ५ एमभिए क्षमताको (बुर्तिवाङ ४६ एमभिए बागलुङ, पौडीअमराई ४६ एमभिए गुल्मी, लोहरपट्टी ८२ दशमलव ५ एमभिए महोत्तरी, मलेखु ६० एमभिए



धादिङ) नयाँ सबस्टेसनको निर्माण कार्यलाई तीव्रता दिइएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, रसुवा जिल्लास्थित १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना, सिन्धुपाल्चोक जिल्लास्थित १०२ मेगावाटको मध्य भोटेकोसी जलविद्युत् आयोजना र रसुवास्थित ४२ दशमलव ५ मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा ल्याउन अन्तिम चरणमा रहेको बताइएको छ । यसैबीच, निजी क्षेत्रको लगानीमा ८८ मेगावाट जलविद्युत् आयोजना सञ्चालनमा ल्याई राष्ट्रिय प्रसारण ग्रिडमा आवद्ध गरी विद्युत् आपूर्ति प्रणालीलाई थप सुदृढ गरिएको बताइएको छ ।

सोही समयमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत ३२ दशमलव ४ किलोवाट बराबर क्षमताको सौर्य खानेपानी तथा सिँचाइपम्प जडानकार्य सम्पन्न भएको, केन्द्रमार्फत सुस्ता गाउँपालिकामा १०० किलोवाट क्षमताको सौर्य मिनीग्रिडबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रिडमा जडान गरी करिब ३०० घरधुरीमा विद्युत सेवा सञ्चालनकार्य सम्पन्न भएको छ ।

यस्तै, जलस्रोत तथा सिँचाइ विभागबाट यस अवधिमा सतह तथा भूमिगत सिँचाइमार्फत थप करिब २६६ हेक्टर जमिनमा सिञ्चित क्षेत्र बिस्तार, देशका विभिन्न नदी तथा खोलामा विभागमा करिब ५ किलोमिटर तटबन्ध निर्माण कार्यसम्पन्न गरी करिब ४ दशमलव ५ हेक्टर जग्गा उकास भएको बताइएको छ ।

उक्त अवधिमा कैलालीमा अवस्थित रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउनुका साथै ४ दशमलव ७१ मेवावाट क्षमताको विद्युत् गृहसमेत सञ्चालनमा ल्याइएकोमन्त्री खड्काले बताए । पत्रकार सम्मेलनमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ लगायतले बाढी पहिरोका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा क्षति पुगे पनि उक्त क्षतिको पुनःनिर्माणका लागि आफूहरूले काम गरिरहेको बताएका थिए ।

## मन्त्रालय र विद्युत् प्राधिकरणका बीचमा मतभेद छैन : ऊर्जामन्त्री

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले डेडिकेटेड र ट्रंकलाइन बक्यौता उठाउने सम्बन्धमा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणका बीचमा मतभेद नभएको बताएका छन् । बुधबार मन्त्रालयको १०० दिनको मुख्य उपलब्धिहरू सार्वजनिक गर्न आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री खड्काले डेडिकेटेड लाइनको वक्यौता उठाउने सम्बन्धमा मन्त्रालय र विद्युत प्राधिकरणका बीचमा कुनै मतभेद नभएको स्पष्ट पारे ।

यो विषय संसदीय समितिमा पुगिसकेको भन्दै संसदीय समितिबाट केही निर्णय आउने उनले विश्वास व्यक्त गरे । यस विषयमा मन्त्रालय र प्राधिकरणका बीचमा छलफल भइरहेको र मन्त्रालयले सम्बन्धित व्यवसायीहरूसँग पनि निरन्तर छलफल गरिरहेको उनको भनाइ छ । उद्योगीहरूले विद्युत् उपभोग गरेको कुराको प्रमाण जुटाउने काम पनि भइरहेको उनले जनाए । सञ्चारकर्मीहरूको प्रश्नको जवाफ दिँदै मन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले हटाउन लागेको भन्नेकुरा हास्यास्पद रहेको बताए । सरकारले घिसिङलाई हटाउनुपर्ने आवश्यकताको महसुस नगरेको उनले जनाए ।

# १७औँ गोदावरी पुष्प प्रदर्शनी आजबाट

**सौर्य समाचार**




काठमाडौं । फ्लोरिकल्चर एसोसिएसन नेपालले १७औँ गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०८१ को आयोजना गर्ने भएको छ । प्रदर्शनी आज बिहीबारदेखि ४ दिनसम्म जावलाखेलको खेल मैदान, ललितपुरमा सञ्चालन हुनेछ। प्रदर्शनीमा ४० हजार बढीले प्रत्यक्ष अवलोकन गर्ने साथै १ करोडभन्दा बढीको व्यावसायिक कारोबार हुने अपेक्षा गरिएको छ। प्रदर्शनीमा व्यावसायिक स्टल ६८, प्रतियोगितात्मक स्टल २, अफिसियल स्टल ४ र फोटो पारखीहरूका लागि सेल्फी स्टल १ गरि जम्मा ७५ वटा प्रदर्शनी कक्षहरू रहनेछन् । यो प्रदर्शनी गोदावरी फूलको प्रतिस्पर्धात्मक प्रदर्शनीसमेत रहेकोले गोदावरी फूलको विविध बिधामा प्रतिस्पर्धा गराई पुरस्कृत गरिने कार्यक्रमलाई पनि निरन्तरता दिइने आयोजकले जनाएको छ ।

### चितवनमा अन्तर्राष्ट्रिय मत्स्य सम्मेलन

# मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गर्ने कृषिमन्त्रीको उद्घोष

**सौर्य समाचार**

चितवन । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले नेपालको दिगो आर्थिक वृद्धि गर्न मत्स्यपालन व्यवसायको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । नेपाल मत्स्य समाजद्वारा बुधबार आयोजित मत्स्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उनले गुणस्तरीय मत्स्य उत्पादनको परि पूर्ति गर्न, खाद्य र पोषण सुरक्षाको सुनिश्चितता एवं गरिबी न्यूनीकरणमा मत्स्यपालन क्षेत्रको प्रवर्द्ध गर्न सरकारले उच्च प्राथमिता दिएको जानकारी दिए ।

सम्मेलनले नेपालको मत्स्य क्षेत्रको दिगो विकासको लागि एक कोसेढुंगाको रूपमा भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । नेपाल भूपरिवेष्टित राष्ट्र भए तापनि जलस्रोतमा तथा जलीय जैविक विविधतामा धनी भएको जनाउँदै उनले यस्ता स्रोतमा निर्भर रहेर धेरै समुदायको जीविकोपार्जन र खाद्य तथा पोषण सुरक्षामासमेत महत्वपूर्ण भूमिका खेलेको बताए । नेपालमा मत्स्य पालनमा विभिन्न चुनौती रहेका जनाउँदै उनले भने, 'गुणस्तरीय उत्पादन सामग्रीको आपूर्ति, पूर्वाधार विकासमा उच्चलागत, यान्त्रीकरण, डिजिटलाइजेसनको कमी, बजार पहुँच रहेका छन् ।' नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको देश भएकाले मत्स्यपालन क्षेत्रमा पनि जलवायु परिवर्तनको असरको सामना गर्नुपर्ने



अवस्था रहेको मन्त्री अधिकारीको भनाइ थियो ।

उनले भने, 'जलस्रोत तथा जलीय जैविक विविधता संरक्षणमासमेत विभिन्न चुनौती रहेका छन् ।' मत्स्यपालनले नेपालको कुल ग्रार्हस्थ्य उत्पादनमा जम्मा शून्य दशमलव ४४ प्रतिशत योगदान गरे तापनि यो क्षेत्र यस दशकमा कृषि क्षेत्रको सबैभन्दा तीव्र रूपमा वृद्धि भइरहेको उपक्षेत्र रहेको मन्त्री अधिकारीको भनाइ थियो । हालसालै स्वीकृत राष्ट्रिय मत्स्य विकास नीतिले नेपालमा मत्स्य प्रवर्द्धन तथा संरक्षणको लागि आवश्यक रणनीतिक मार्गचित्र तयार गरेको उनले बताए ।

कार्यक्रमको उद्घाटन सत्रमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का उपकुलपति प्राध्यापक डा.दिलीप सुब्बा, कृषि तथा वन विज्ञान विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्राध्यापक डा.शारदा थपलिया, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा.राजेन्द्रप्रसाद मिश्र, नार्कका कार्यकारी निर्देशक डा.दोजराज खनालले पनि माछापालन र बजारबारे बोलेका थिए। त्यस्तै, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव डा.नरेश सुवेदी, एफएओ नेपाल तथा भुटानका प्रतिनिधि केन सिमी, नेटवर्क अफ एक्वाकल्चर एसियाप्यासेफिकका डा.एडवार्डो लिएनो, नेपाल मत्स्यसमाजका अध्यक्ष प्राडा सुनिला राई लगायतले माछा उत्पादन, प्रविधि, बजारीकरण लगायतको महत्वका बारेमा बोले ।

सम्मेलनमा विभिन्न १० देशका २०० वैज्ञानिक, प्राध्यापक, अनुसन्धानकर्ता, मत्स्य विकास अधिकृत, उद्यमी, किसान तथा विद्यार्थी सहभागी रहेको छ । सम्मेलनमा भारत, चीन, बंगलादेश, थाइल्यान्ड, हंगेरी, जापान, संयुक्त राज्य अमेरिका, फिलिपिन्स, मलेसिया र नेपालका प्रतिनिधि सहभागी भएको समाजका अध्यक्ष राईले जानकारी दिए । सम्मेलनमा ४० विदेशी, १०३ नेपाली गरी कुल १४३ वैज्ञानिकद्वारा कार्यक्रम पेस गरिँदै छ ।

१२१ मौखिक कार्यपत्र र २२ पोस्टर प्रस्तुतीकरण गरिने राईले जानकारी दिए । सम्मेलनमा शिक्षाविद्, वैज्ञानिक, नीति निर्माता, व्यवसायी तथा सम्बन्धित क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विषेशज्ञहरूले आफ्ना अनुभव, प्रविधिको विकास, अनुसन्धान नतिजा तथा असल अभ्यासको ज्ञान आदानप्रदान हुने उनको भनाइ छ ।

# हुन्डाई मोटर्सको 'ब्रान्ड भ्यालु' ३० खर्ब ८२ अर्ब




**सौर्य समाचार**

काठमाडौं । दक्षिण कोरियाली गाडी निर्माता कम्पनी हुन्डाईको 'ब्रान्ड भ्यालु' २३ अर्ब अमेरिकी डलर (३० खर्ब ८२ अर्ब रुपैयाँ बराबर) भएको छ । यो ब्रान्ड भ्यालुले कम्पनी संसारकै ३०औँ ठूलो ब्रान्डभित्र पर्न सफल भएको हुन्डाईले जनाएको छ । इन्टरब्रान्ड्सले तयार पारेको 'बेस्ट ग्लोबल ब्रान्ड्स २०२४' मा हुन्डाई परेको हो ।

हुन्डाईका अनुसार यो सफलताले कम्पनीको ब्रान्ड भ्यालु पछिल्लो ५ वर्षमा ६३ प्रतिशतका दरले बढेको पुष्टि भएको छ भने लगातार दोस्रो वर्ष सफलता श्रेणी बढेको हो । अघिल्लो वर्ष ३६औँ स्थानमा रहेको हुन्डाई यो वर्ष ३० मा परेको हो । ब्रान्ड भ्यालु लगातार १४ वर्षदेखि वृद्धि हुँदै आएको कम्पनीको भनाइ छ ।

हुन्डाई मोटर्सको ब्रान्ड भ्यालु बढ्नुका प्रमुख कारकमा यसको ब्रान्ड भिजन 'मानवताका लागि उन्नति' रहेको उसको भनाइ छ । त्यसैगरी हुन्डाईको आयोनिक ५ गाडीले सन् २०२४ को 'वर्ल्ड पर्फर्मेन्स कार' अवार्ड पाउनु ब्रान्ड भ्यालु बढाउने महत्वपूर्ण कारण रहेको कम्पनीले जनाएको छ ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



युरोपेली च्याम्पियन्स लिगमा रियलले डर्टमन्डलाई हराएको छ




१५ मंसिरमा सुरु हुने आइपिएलमा पोखरा एडभन्चरमा आवद्ध दक्षिण अफ्रिकाका जोन्टी रोड्स

# अर्जुनको नेतृत्वमा गण्डकीको क्रिकेट टोली

**सौर्य समाचार**

पोखरा । नेपाल क्रिकेट संघको आयोजनामा कोसी प्रदेशको विराटनगरमा हुने वाईवाई पुरुष यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा भएको छ । गण्डकी प्रादेशिक क्रिकेट संघले अर्जुन कुमालको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरिएको हो । कुमाल यू-१९ राष्ट्रिय टोलीका सदस्यसमेत हुन् । वाईवाई-१९ राष्ट्रिय क्रिकेट यही १० कात्तिकदेखि सुरु हुँदै छ ।

प्रादेशिक टोलीको छनोटका लागि संघले ७ देखि १३ असोजसम्म पोखरा क्रिकेट रंगशालामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरेको थियो । सो प्रतियोगिता प्रतिकूल मौसमका कारण पूरा सञ्चालन हुन सकेको थिएन । प्रतियोगितामा सहभागी खेलाडीको प्रदर्शन र सहभागी प्रशिक्षकको रायका आधारमा पहिलो चरणमा ३७ खेलाडीलाई बन्द प्रशिक्षणका लागि छनोट गरिएको प्रादेशिक क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए । असोज अन्तिम साता सञ्चालन भएको बन्द प्रशिक्षणपछि अन्तिम टोलीका खेलाडी चयन गरिएको हो । टोलीमा करन पगेनी, सोहेल कुँवर, बंश क्षेत्री, सुदीप अर्याल, नरेश शाह, अश्विन थापा, किरण भट्टराई, अपरिचित पौडेल, सुजन गौतम, विज्ञान पाण्डे, सुप्रिम सुनार, सिव्रिन श्रेष्ठ र रोहित चन्द छन् । वैकिल्पक खेलाडीमा सरोज खत्री, नितेश गिरी, सोनु यादव र



अनिष ताम्राकार समेटिएका छन् । टोलीको प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापकमा अविशेषक ढकाल चयन भएका छन् । गण्डकीले प्रतियोगिताको आफ्नो पहिलो खेल कात्तिक ११ गते मधेस प्रदेशसँग खेल्नेछ ।

# अल नासरको दोस्रो जित



**एजेन्सी**

दुबई । एएफसी च्याम्पियन्स लिग फुटबलमा अल नासरले दोस्रो जित निकालेको छ । मंगलबार राती सम्पन्न खेलमा इरानी क्लब इस्टेघलाललाई १-० गोलले हराउँदै अल नासर विजयी भएको हो । अल नासरको जितमा आइमेरिक लापोर्टेले १ गोल गरेका थिए । उनले खेलको ८१औं मिनेटमा गरेको गोल नै टोलीको जितका लागि निर्णायक बनेको थियो ।

यस सिजनको च्याम्पियन्स लिगमा अल नासरको यो दोस्रो जित हो । यो जितसँगै अल नासर ३ खेलबाट ७ अंकसहित अंक तालिकाको चौथो स्थानमा रहेको छ । पराजित भएको इस्टेघलालको ३ अंक छ । अल नासरले अब च्याम्पियन्स लिगको अर्को खेलमा ५ नोभेम्बरमा युएईको क्लब अल ऐनसँग खेल्ने तालिका रहेको छ ।

अल हिलालले पनि एएफसी च्याम्पियन्स लिगमा लगातार तेस्रो जित हासिल गरेको छ । मंगलबार राती सम्पन्न खेलमा युएईको क्लब अल ऐनलाई ५-४ गोलले हराउँदै अल हिलालले जित निकालेको हो । अल हिलालको जितमा सालेम अल्दावसरीले ह्याट्रिक गरेका थिए भने सेर्गेज मिलिनकोभिक र रेनान लोडीले १-१ गोल गरेका थिए । यस्तै, अल ऐनका लागि सोउफिआने रहिमीले ह्याट्रिक गरेका थिए भने माटेओ सनाबरियाले १ गोल गरेका थिए ।

खेलको ८२औं मिनेटमा अलि अल्बुलायहिले रातो कार्ड पाएपछि अल हिलाल १० खेलाडीमा सीमित भएको थियो ।

यस खेलमा अल हिलालका नेइमारले १ वर्षपछि कमब्याक गरेका थिए । इन्जुरीका कारण १ वर्षदेखि मैदान बाहिर रहेका नेइमार यस खेलमा सब्स्टिच्युटको रूपमा खेलको ७७औं मिनेटमा मैदानमा प्रवेश गर्दै आफ्नो कमब्याक गरेका हुन् ।

जितपछि अल हिलाल ३ खेलबाट ९ अंकसहित अंक तालिकाको शीर्षस्थानमा रहेको छ । पराजित भएको अल ऐनको १ अंक छ ।

# एन्डरसन फिलिप पोखरामा

**सौर्य समाचार**

काठमाडौं । पोखरा एभेन्जर्सले वेस्ट इन्डिजका एन्डरसन फिलिपलाई टोलीमा अनुबन्ध गरेको छ । नेपाल प्रिमियर लिग (एनपिएल)को लागि पोखरा एभेन्जर्सले तेस्रो विदेशी खेलाडी भित्र्याएको हो । यसअघि पोखराले अमेरिकाका आन्द्रेस गौस र नेदरल्यान्ड्सका क्रिकेटर बास डि लिडेलाई टोलीमा अनुबन्ध गरिसकेको छ ।

नेपाल राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल मार्की रहेको पोखरा एभेन्जर्समा अनुबन्ध भएका २८ वर्षीय त्रिनिडाडियन क्रिकेटर एन्डरसन फिलिपले वेस्ट इन्डिज टिमबाट थुप्रै अन्तर्राष्ट्रिय खेल खेलेका छन् । उनी फास्ट बलर हुन् । १४० किलोमिटर प्रतिघण्टा तीव्र गतिको औसतमा बलिङ गर्ने फिलिपले पोखराबाट खेल्न उत्साहित रहेको बताएका छन् ।

एन्डरसन फिलिपलाई अनुबन्ध गरेपछि पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले टोली बलियो हुने विश्वास गरेका छन् । टिमका म्यानेजिङ डिरेक्टर मनोबल श्रेष्ठले विदेशी खेलाडीलाई समेट्दै टिम बलियो र प्रतिस्पर्धात्मक बनाउने योजना रहेको बताए ।

एनपिएलकै सबैभन्दा महँगो टिम पोखराले कुशल, एन्डरसन फिलिप, डि लिडे र गौससँगै सागर ढकाल, आकाश चन्द, किरण कुमार ठगुन्ना, नारायण जोशी, बिपिन खत्री, दिलीप नाथ, तृतराज दास, सुनम गौतम, दिनेश खरेल र अमृत गुरुङलाई अक्सनबाट छनोट गरेको छ ।

पोखरामै दक्षिण अफ्रिकाका लिजेन्ड क्रिकेटर जोन्टी रोड्स आवद्ध भएका छन् । उनीसँग ३ वर्षको सम्झौता गरिएको पोखरा एभेञ्जर्सले जनाएको छ । जोन्टी क्रिकेट जगतमा सर्वकालीन सर्वोत्कृष्ट फिल्डरका रूपमा सुपरिचित छन् । एनपिएलको पहिलो संस्करणमा जोडिने उनी सबैभन्दा ठूलो विदेशी नाम हुनसक्ने दाबी गरिएको छ ।

६ नोभेम्बरमा पोखरा एभेञ्जर्सले लोमान्थाङमा टिमको जर्सी रिभिल गर्ने तयारी गरेको छ । जोन्टीले नोभेम्बर ७ मा टिम जर्सी रिभिलको भिडियो रिलिज गर्ने कार्यक्रम तय भएको पोखरा एभेन्जर्स स्रोतले बतायो ।

जोन्टी केही वर्षअघि नेपालको राष्ट्रिय टिम र उमेर समूहको टिमलाई छोटो प्रशिक्षणका लागि आएका थिए । हाल उनी आइपिएलको लखनउ सुपरजायन्ट्समा आवद्ध छन् । पोखरा एभेन्जर्सले ४ विदेशी खेलाडीको कोटामा ३ खेलाडी अनुबन्ध गरिसकेको छ ।

यसैगरी, टेस्ट राष्ट्र इंग्ल्यान्डका प्रतिभाशाली ब्याट्सम्यान र विकेटकिपर टिम मोरिस लुम्बिनी लायन्समा अनुबन्धित भएका छन् । सन् २०१६ देखि फर्स्ट क्लास ए लिस्टमा खेल्दै आएका २८ वर्षीय मोरिसले सन् २०२३ देखि टी-२० क्रिकेट खेल्न थालेका हुन् । उनले काउन्टी, बिपिएल, एलपिएल, पिएसएललगायत विभिन्न लिगहरू खेल्दै आएका छन् । १२८ वटा विभिन्न फ्रेन्चाइजी टी-२० खेलिसकेका मोरिसले २३ दशमलव ३४ औसतमा २ हजार ३२१ रन हानेका छन् । उनको ८० रनको अविजित उच्च स्कोर रहेको छ ।

फर्स्ट क्लास क्रिकेटमा ७८ खेल खेलेका मोरिसले १२३ इनिङमा ७ पटक ब्याटिङ गर्दै अविजित २ हजार ६८१ रन बनाएका छन् । अहिलेसम्मको आफ्नो करिअरमा २ शतक र ८ अर्धशतक बनाएका छन् ।

'उनको आगमनले टिमको ब्यालेन्स अझ मजबुत भएर हामीलाई आफ्नो लक्ष्यमा पुग्न सहज हुनेछ', लुम्बिनी लायन्सका कन्सल्ट्यान्ट कोच शक्ति गौचनले भने । क्लबका मालिक ईश्वर जिसीले थपे, 'हामी राष्ट्रिय र अन्तर ाष्ट्रिय प्रतिभाहरूलाई क्लबमा सामेल गराएर उत्कृष्ट प्रदर्शन गर्दै लुम्बिनी लायन्सलाई शिखरमा पुऱ्याउनेछौं र समस्त लुम्बिनीवासीलाई गौरवान्वित बनाउनेछौं ।' एनपिएपल आगामी १५ मंसिरदेखि ६ पुससम्म आयोजना हुँदै छ ।

# च्याम्पियन्स लिगमा आर्सनलको जित



**एजेन्सी**

लन्डन । च्याम्पियन्स लिग फुटबलमा इंगलिस क्लब आर्सनलले जित निकालेको छ । मंगलबार राती भएको खेलमा आर्सनलले युक्रेनी क्लब शाख्तार डोनेट्स्कलाई १-० गोलले हराएको हो । घरेलु टोली आर्सनलको जितमा १ मात्र गोल खेलको २९औं मिनेटमा भएको थियो । आर्सनलका गाब्रियल मार्टिनेलीको सशक्त प्रहार गोलपोस्टमा लागेर फर्किएर शाख्तारका गोलकिपर दिमित्रो रिज्नीकलाई लाग्दै गोलमा परिणत भएको थियो । जितपछि आर्सनलले ३ खेलबाट ७ अंक जोडेको छ भने शाख्तारको १ अंक मात्रै छ ।

मंगलबार राती नै भएको खेलमा रियल म्याड्रिडले जर्मन क्लब बोरुसिया डर्टमन्डलाई ५-२ गोलले हराएको हो । घरेलु मैदानमा २-० गोलले पछि परेको रियलले पुनरागमन गर्दै जित निकाल्न सफल भयो । उसका लागि भिनिसियस जुनियरले ह्याट्रिक गरे ।

खेलको खेलको ३०औं मिनेटमा डोनिल मालेनले तथा ३४औं मिनेटमा जेमि गिटेन्सले गोल गर्दै डर्टमन्डलाई २-० को अग्रता दिलाएका थिए । दोस्रो हाफमा रियल खेलमा फर्कियो । ६०औं मिनेटमा एन्टोनी रुडिगरले गोल गरे भने ६२, ८६ र ९०+३ मिनेटमा गोल गर्दै भिनिसियसले ह्याट्रिक पूरा गरे । ८३औं मिनेटमा लुकास भाजक्वेजले गोल गरे । रियल र डर्टमन्ड दुबैको ३ खेलबाट ६ अंक छ ।

## विश्व

# ट्रम्पबाट लेबर पार्टीविरूद्ध उजुरी



**एजेन्सी**

लन्डन । अमेरिकाका पूर्वराष्ट्रपति र रिपब्लिकन पार्टीका उम्मेद्वार डोनाल्ड ट्रम्पको चुनावी अभियानले बेलायतको लेबर पार्टीविरुद्ध संघीय निर्वाचन आयोग (एफइसी) मा उजुरी दिएको छ । उजुरीमा लेबर पार्टीसँग सम्बद्ध व्यक्तिहरू ह्यारिसको प्रचारका लागि अमेरिका आएको दाबी गरिएको छ ।

यसले लेबर पार्टीलाई ह्यारिस-वाल्जको चुनावी अभियानलाई सहयोग पुऱ्याउन अमेरिकी चुनावमा 'स्पष्ट विदेशी हस्तक्षेप' गरेको आरोप लगाएको छ । कमला ह्यारिस अमेरिकाको वर्तमान उपराष्ट्रपति हुन् भने डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपतिका उम्मेद्वार हुन् । अमेरिकी राष्ट्रपतिको निर्वाचनमा प्रचारप्रसार गरिरहेका लेबर पार्टीका कार्यकर्ताहरूले आफ्नो व्यक्तिगत हैसियतमा यस्तो काम गरिरहेको बिबिसीले जनाएको छ । लेबर पार्टीले यो आरोपमा कुनै आधिकारिक प्रतिक्रिया जारी गरेको छैन ।

# अमेरिकाबाट युद्धविरामको प्रयास

**एजेन्सी**

बेरुत । उत्तरी गाजामा रहेको विद्यालयमा राखिएको सेल्टर भएको इजरायली आक्रमणमा कम्तीमा ७ जनाको ज्यान गएको छ । अल जजिराले ठुलो बिस्फोट र आगो बलिरहेको दृश्य खिचेको जनाएको छ । २०२३ अक्टोबर ७ देखि सुरु भएको इजरायली आक्रमणमा ४२ हजार ७१८ जना मारिएको तथा १ लाख २८२ जना घाइते भएको जनाएको छ । प्राध्यापक तथा हिजबुल्लाह विशेषज्ञ अमाल साद गोयरावले अमेरिकी आडमा इजरायलले पछिल्लो ७२ घण्टामा धेरै युद्ध अपराधको घटना गराएको आरोप लगाएको छ ।

पछिल्लो समाचारअनुसार अमेरिकी प्रतिनिधित्व गर्दै आमोस हिचेस्टाइनले सोमबारदेखि वार्ता सुरु गरेका छन् । उनले लेबनानमा प्यालेस्टाइनी सभामुख नबिह बेरीसँग सोमबार तथा अमेरिकी सेक्रेटरी अफ स्टेट एन्टोनी ब्लीन्केनसँग मंगलबार भेट गरेका छन् ।



होचेसटाइनलले युद्ध रोकिने बाटोसहित वार्ता सुरु गरेको जनाइएको छ । वार्तामा लेबनानको सम्प्रभुताको विषय मुख्य रूपमा उठाइएको छ । धेरै मानवअधिकारवादीको मतमा उत्तरी गाजामा आदीबासीको समाप्तिको विषयमा अहिले भिन्न मत उत्पन्न हुन थालेका छन् ।

अहिले गाजामा रहेका ब्लिन्केनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु तथा रणनीतिक मामला सल्लाहकार रोम डरमसँग भेट गरेका छन् । यस विषयमा एउटा योजनामा छलफल भएको जनाइएको छ । समाचार स्रोतका अनुसार ब्लिन्केनको सुरुआती प्रस्तावलाई नेतान्याहुले अस्वीकार गरेका छन् । अर्को समाचारका अनुसार ४ अक्टोबरमा विस्फोट भएको स्थानमा नेता हसिम सादेफाइनको उपस्थिति तथा उनको अवस्थाका बारे हिजबुल्लाहले कुनै प्रतिक्रिया जनाएको छैन ।

# उपनिर्वाचनमा प्रियंका उम्मेद्वार



**एजेन्सी**

नयाँ दिल्ली । कांग्रेस नेता प्रियंका गान्धीले वायनाड लोकसभा सिटमा हुन गइरहेको उपनिर्वाचनका लागि उम्मेद्वारी दर्ता गराएकी छन् ।

वायनाडमा १३ नोभेम्बरमा हुन गइरहेको उपनिर्वाचनका लागि उनले बुधबार उम्मेद्वारी दर्ता गराएकी हुन् । प्रियंकाको उम्मेद्वारी दर्ताका लागि सोनिया गान्धी, राहुल गान्धी, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे र अमेठीका सांसद केएल शर्मासहित नेताहरू वायनाड पुगेका थिए । उम्मेद्वारी दर्ताअघि प्रियंकाले कांग्रेस नेताहरूका साथ 'रोड सो' पनि गरेकी थिइन् । यसै वर्ष सम्पन्न लोकसभा निर्वाचनमा वायनाडबाट प्रियंकाका दाइ राहुल गान्धी निर्वाचित भएका थिए । रायबरेली सिटबाट पनि विजयी भएपछि राहुलले वायनाड छोडेका थिए ।

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी